मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २७ | २०८० साल मंसिर २९ गते शुक्रबार | Friday 15, December 2023 | सूर्योदयः बिहान ६:४६ बजे | सूर्यास्तः साँझ ५:१४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## इन्स्पेक्टरले आदेशबिनै गोली चलाए !
# शव बुझेनन्, राजमार्ग बन्द घोषणा

**मधेशदृष्टि**
**बारा ।**
बुधबार सिम्रौनगढमा भएको गोली प्रहार काण्डमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको पनि आलोचना भएको छ । मुख्यमन्त्रीकै स्थानीय भूगोलमा निहत्था सर्वसाधारणमाथि गोली प्रहार भएको घटनामा पीडितहरुले मुख्यमन्त्रीको मौनता र अराजक प्रहरी अधिकृतलाई संरक्षणका कारण सर्वसाधारण मारिएको भन्दै मुख्यमन्त्रीसँगै प्रहरी प्रशासनको आलोचना गरे ।
बिहीबार भएको सुरक्षा निकायसँगको वार्तामा स्थानीय र पीडितले मुख्यमन्त्री यादवकै आडभरोसामा सिम्रौनगढका प्रहरी निरीक्षक रविभूषण यादवले लगातार बदमासी गरिरहेको र यसपटक निहत्था सर्वसाधारणको ज्यान गएको आरोप लगाए ।
उनीहरुले अराजकताविरुद्ध शुक्रबार निजगढमा राजमार्ग बन्द र कलैयामा पनि बन्द आह्वान गरिएको बताए ।
बिहीबार भएको वार्तामा स्थानीय र पीडित पक्षले घटनामा दोषी देखिएका प्रहरी निरीक्षक यादवलाई ज्यान मुद्दा लगाएर मृतकका परिवारलाई उचित राहत दिन माग गरेका थिए । जवाफमा बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा र प्रहरी उपरीक्षक सुरेश काफ्लेले घटनामा दोषीलाई कारबाही प्रक्रिया अघि बढाइने वाचा गरेका थिए । तर स्थानीयको माग भने प्रहरी निरीक्षक यादवलाई मुद्दा लगाउनु पर्ने र राहत घोषणामा केन्द्रित थियो । मृतक २५ वर्षीया लक्ष्मी मुखियाको शवसमेत परिवारले बुझ्न मानेका छैनन् । उनको शव अस्पतालमै छ ।
नेपाली कांग्रेस मधेश प्रदेश उपसभापति चन्द्रशेखर यादवले भने, 'हामी दिनभर वार्तामा रह्यौं, प्रहरी निरीक्षकले जिल्लाको आदेशबिनै गोली हान्ने काम गरेकाले ज्यान मुद्दा लगाउन भन्यौं, राहतको कुरा ग¥यौं, प्रहरी प्रशासन आन्तरिक कारबाहीको मात्र कुरामा अडियो, त्यसपछि शुक्रबार राजमार्ग बन्दसहितका आन्दोलनमा जाने भएका छौं ।'
उनले भने, 'मुख्यमन्त्रीको आडमा सिम्रौनगढका प्रहरी निरीक्षक यादवको बदमासीले सर्वसाधारणको ज्यान गयो, काठमाडौंमा त्यत्रा मुठभेड भए, महेश बस्नेत र दुर्गा प्रसाईको आन्दोलन, शिक्षकको आन्दोलनमा गोली चलाउन परेन, यहाँ भएको शिक्षकको सामान्य धर्नामा गोली चलाउने काम भयो ।' उनले वार्तामा सिडिओ र एसपीले गोली चलाउन नभनेको र गोली चलेपछि थाहा पाइएको भन्दै निरीहता प्रकट गरेको बताए ।
सिम्रौनगढ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा महेश कुमार मिश्र आएका छन् । उनी सवार गाडीमा तोडफोडको प्रयास भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन गोली चलाएको हो । झडपमा एकजनाको ज्यान गएको थियो । केही घाइते भएका छन् । घटनामा १० प्रहरी पनि घाइते भएका छन् ।

## कांग्रेसको भर्त्सना

नेपाली कांग्रेसले बारामा पारिश्रमिक नपाएर आन्दोलनरत शिक्षकको आन्दोलनमा प्रहरी हस्तक्षेप भएकामा भ्रत्सना गरेको छ । प्रहरीको निर्मम दमन र गोली प्रहारबाट एक जनाको मृत्युसमेत भएको भन्दै कांग्रेसले मृतकका परिवारलाई क्षतिपूर्ति दिन र घाइतेको निःशुल्क उपचार गर्नसमेत सरकारसँग माग गरेको छ ।
सिम्रौनगढ नगरपालिकाका ३२ सामुदायिक तथा धार्मिक विद्यालयका १ सय ९० जना शिक्षकले छ महिनादेखि पारिश्रमिक नपाएपछि नगरपालिका अगाडि दुई महिनादेखि शान्तपूर्ण आन्दोलन गर्दै आएका थिए । तर बुधबार उनीहरुको आन्दोलनमा प्रहरी हस्तक्षेप हुँदा तनाव भएको थियो । त्यसक्रममा प्रहरीले गोली चलाउँदा सिम्रौनगढ नगरपालिका–१ का लक्ष्मी मुखिया बिनको ज्यान गएको थियो भने केही आन्दोलनकारी घाइते भएका छन् ।
कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले शान्तिपूर्ण धर्नामा बसेका शिक्षकमाथि प्रहरीले अनावश्यक हस्तक्षेप गरेको भन्दै घोर निन्दा र भ्रत्सना गरेका छन् । 'घटनाको यथार्थ छानबिन गरी दोषीलाई कडाभन्दा कडा कारबाही गर्न, मृतकको परिवारलाई क्षतिपूर्ति तथा घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न नेपाली कांग्रेस सरकारसँग माग गर्दछ,' पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## यादगार बिहीबारः
# धरौटी, सफाइ र जन्मकैद


बालकृष्ण खाण | लक्ष्मी कोइरी | अभिराम शर्मा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बिहीबार संघीय राजधानी काठमाडौं र मधेश प्रदेशको महोत्तरीबाट आएका दुई खबरले नेपाली राजनीति फेरि गर्माएको छ । सन २०१२ मै अमेरिकाले भुटानी शरणार्थीको फाइल बन्द गर्दा पनि नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रपञ्चमा जोडिएका नेपाली कांग्रेसका नेता तथा पूर्व गृहमन्त्री बालकृष्ण खाणलाई धरौटीमा छाड्न आदेश भएको छ । नेपाली जनताको करोडौं रकम असुल प्रकरणमा पुर्पक्षमा रहेका खाणलाई ३० लाख रुपैयाँ धरौटीमा छाड्न उच्च अदालत पाटनले आदेश गरेको हो । सम्भव उनी शुक्रबार धरौटी बुझाएर थुनामुक्त हुनेछन् ।
यता, महोत्तरी जिल्ला अदालतले भने २०७९ मंसिर ४ गते महोत्तरी–१ बाट नेकपा एमालेका तर्फबाट निर्वाचित प्रहरी सूचीका 'फरार अभियुक्त' लक्ष्मी महतो कोइरीलाई सफाइ दिएको छ । तेस्रो मधेश आन्दोलनका बेला आन्दोलनकारीबाट मारिएका सशस्त्र प्रहरी असई थमन विकको मुद्दामा जिल्ला अदालत महोत्तरीले कोइरीलाई सफाइ दिएको हो । यही मुद्दामा प्रदेश सांसदसहित सातजनालाई जन्मकैद फैसला सुनाइएको छ ।
अदालतले प्रदीप साह माझी र संजय कुमार साहसहित मोहन ठाकुर,जलेश्वर नगरपालिकाका पूर्व नगरप्रमुख शंकर शाही भनिने रामशंकर मिश्र, प्रदेश सांसद अभिराम शर्मा, लोसपा नेता सुरेश पाण्डेय र धर्मेन्द्र रायलाई ज्यान सम्बन्धी महलको १ र १३ (३) नम्बर बमोजिम कसुरमा १३(३) बमोजिम जन्मकैद फैसला सुनाएको हो । कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जन्मकैद फैसलामा परेका शर्मा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबाट मधेश प्रदेशमा प्रदेश सभा सदस्य हुन् ।
मधेश आन्दोलनक्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्याको अभियोगमा जन्मकैदमा शर्मा परिरहँदा निलम्बित एमाले सांसद भने सफाइमा परे । केन्द्रमा कांग्रेसका नेता पनि धरौटीमा छुट्ने अवस्थामा पुगे । शर्मा महोत्तरीको जलेश्वरका हुन् । उनी लालबाबु राउत मन्त्रिपरिषदमा मधेश प्रदेशको सामाजिक विकास राज्यमन्त्री पनि बनेका थिए । २८ जना प्रतिवादी रहेको यो मुद्दामा शर्मा सहित ७ जना जन्मकैद मा परेका हुन् ।

> जन्मकैद सजाय तोकिएका सातजनाले एम्बुलेन्समा आगलागी गरेको अर्को लगाउ मुद्दामा थप ६ महिना कैद र दश लाख क्षतिपूर्ति फैसला भएको छ । क्षतिपूर्ति रकम नेपाल सरकारलाई बुझाउनु पर्ने फैसला गरिएको श्रेस्तेदार नुतन शर्माले बताइन् । जिल्ला न्यायाधीश उद्धव प्रसाद भट्टराईको एकल इजलासले फैसला गरेको हो ।

**घटना के थियो ?**

मधेश आन्दोलनक्रममा २०७२ भदौ २५ गते सशस्त्र प्रहरीका असई थमन विक घाइते भएका थिए । घाइते विकलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा एम्बुलेन्सबाट निकालेर महोत्तरीको जलेश्वरमा हत्या गरिएको थियो । भदौ २५ गते बिहान जलेश्वरमा केही व्यक्तिले सशस्त्र असई थमन विकलाई कुटपिट गरी घाइते बनाएकामा उनको उद्धार गरी जलेश्वर अस्पताल लगिएको र त्यहाँबाट थप उपचारका लागि जनकपुर लैजाने क्रममा महोत्तरी गाउँपालिकाको सोनुषडास्थित धान खेतमा हत्या गरिएको अवस्थामा शव फेला परेको थियो ।
भदौ २३ गते नै सुरक्षाकर्मीको गोलीबाट ४ जना आन्दोलनकारीको मृत्यु भएलगत्तै प्रशासनका तर्फबाट कर्फयु लगाइएकामा भदौ २५ गते बिहान दुई घण्टाका लागि कर्फ्यु खोलिएपछि घटना भएको थियो । दुई घटना सेलाउन नपाउदै पहिलो दिन सुरक्षाकर्मीको गोलीबाट मारिएका रोहन चौधरीका हजुरबुवा गणेश चौधरी र एक महिला आन्दोलनकारीलाई समेत सुरक्षाकर्मीबाट गोली हानिएको थियो । मृतक असई थमन विककी पत्नी शोभा गहतराजका तर्फबाट थमन विकका दाजु प्रेम विकको जाहेरीले सरकारका तर्फबाट मुद्दा दायर गरिएको थियो ।
सोही हत्या प्रकरणमा लक्ष्मी महतो कोइरीलगायतलाई अभियुक्त बनाएर जिल्ला अदालतमा मुद्दा चलेको हो । जन्मकैद सजाय तोकिएका सातजनाले एम्बुलेन्समा आगलागी गरेको अर्को लगाउ मुद्दामा थप ६ महिना कैद र दश लाख क्षतिपूर्ति फैसला भएको छ । क्षतिपूर्ति रकम नेपाल सरकारलाई बुझाउनु पर्ने फैसला गरिएको श्रेस्तेदार नुतन शर्माले बताइन् । जिल्ला न्यायाधीश उद्धव प्रसाद भट्टराईको एकल इजलासले फैसला गरेको हो ।
मंसिर २५ गतेदेखि ६ नम्बर फाँटमा भएको कर्तव्य ज्यान तथा आगजनीको छुट्टाछुट्टै मुद्दा (लगाउ मुद्दा) ईजलास नम्बर २ मा चलिरहेकामा बिहीबार फैसला आएको हो ।

**मुद्दा मुल्तबीमा**
मुद्दामा रमेश प्रसाद साह, सतेन्द्र चौधरी भनिने सविन्द्र चौधरी, चन्देश्वर साह मेहत्तरी, राजु चौधरी भनिने राजा चौधरी, देवेन्द्र चौधरी, नरेश साह, रामराजा साह, गोलु साह, हरिओम कुमार भगत, रविन्द्र राम चमार, रंजित साह, विकी साह, फुले यादव, रोहित कुमार शर्मा, ललवा भनिने लालबाबु बिन, शम्भु साह, अनिल ठाकुर, देवेन्द्र यादव र कौशल कुमार यादवको हकमा मुद्दा मुल्तवीमा राखिएको छ ।

# विवाहपञ्चमीको तेस्रो दिन धनुष यज्ञ



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
सीताराम विवाहपञ्चमी महोत्सवको तेस्रो दिन बिहीबार जानकी मन्दिरको प्रांगणमा धनुष यज्ञ गरिएको छ । त्रेता युगमा मिथिलाका राजा शिरध्वज जनकको प्रतिज्ञाअनुसार धनुष यज्ञको भएको स्मरणमा प्रत्येक वर्ष विवाहपञ्चमी महोत्सव हुने गरेको छ ।
तेस्रो दिन धनुषयज्ञ भएको हो । राजा जनकको दरबारमा रहेको पिनाक धनुषमा प्रत्यञ्चा चढाउने वीर राजकुमारसँग छोरी सीताको विवाह गर्ने प्रतिज्ञामा थिए । वीर योद्धा राजकुमार चयन गर्न राजर्षि राजा जनकले धनुष यज्ञ आयोजना गर्दा अयोध्याका राजकुमार राम प्रत्यञ्चा चढाउन सफल भएका थिए । रामले धनुष तीन टुक्रा पारिदिएको कहावत छ । यही कथनीलाई प्रतिकात्मक रूपमा हरेक वर्ष बाह्रबिघ्घा रंगभूमि मैदानमा र यदाकदा जानकी मन्दिर प्राङ्गणमा मञ्चन गर्ने गरिएको छ । बिहीबार जानकी मन्दिर प्राङ्गणमा धनुष यज्ञ आयोजना भयो ।
यसअघि विवाहपञ्चमीको पहिलो दिन नगरदर्शन र दोश्रो दिन फूलबारी लिला भएको छ । चौथो दिन तिल्कोत्सव, मंसिर ३० गते मटकोर र पुस १ गते विवाहपञ्चमीको मुख्यदिन विवाह उत्सव आयोजना हुँदैछ । पुस २ गते रामकलेवापछि सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सव सकिनेछ ।
बिहीबारको धनुष यज्ञमा जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णव, उत्तराधिकारी महन्त रोशनदास वैष्णव, भारत तथा नेपालबाट आएका सन्त सन्त तथा हजारौं भक्तजनले धनुष यज्ञ अवलोकन गरे ।

# तवसुनको हत्या भएको प्रहरीको दाबी, अभियुक्तको खोजी


मृतक तवसुनकी सौतेनी आमा सकिना खातुन ।


अभियुक्त शेख चाँद भन्ने शेख मिर अमजा ।

**एसपी गौरब**
**सर्लाही ।**
हरिवन नगरपालिका–११, बालगंगाको मुस्लिम बस्तीस्थित दाहसंस्कार स्थलमा शव गाडिएकी युवतीको हत्या भएको दाबीसहित इलाका प्रहरी कार्यालय हरिवनले कारबाही प्रकृया अगाडि बढाएको छ । १७ वर्षीया तवसुन खातुनको मृत्यु शंकाष्पद् रहेको भन्दै इलाका प्रहरी कार्यालय हरिवनको टोलीले दाहसंस्कार स्थलमा गाडिएको शव मंसिर ३ गते निकालेर प्रादेशिक अस्पताल मलंगवा सर्लाहीमा पोष्टमार्टम गराएको थियो । घाँटीमा दबाब दिएका कारण युवतीको मृत्यु भएको पोष्टमार्टम रिपोर्ट आएपछि प्रहरीले अभियुक्तविरुद्ध कर्तव्य ज्यान मुद्धामा कारबाही प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए । उनका अनुसार तवसुन मृत्यु प्ररणमा पक्राउ परेकी उनकी सौतेनी आमा ४५ वर्षीया सकिना खातुनको बयान र अस्पतालबाट आएको पोष्टमार्टम रिपोर्ट फरक आएपछि प्रहरीले हत्या भएको दाबीसहित कारबाही प्रकृया अगाडि बढाएको हो ।
सकिनाले पक्राउ परेदेखि निरन्तर पेट दुखेर तवसुनको मृत्यु भएको बयान दिए पनि पोष्टमार्टम रिपोर्टमा घाँटीमा दबाब दिएको देखिएपछि प्रहरीले तवसुनको हत्या भएको दाबीसहित जिल्ला सरकारी वकिल कार्यालय मलंगवा सर्लाहीमा मंगलबार फाइल पठाएको थारुले बताए । अभियुक्तविरुद्ध कर्तव्य ज्यान मुद्धामा जिल्ला अदालत सर्लाहीमा अभियोग पत्र दर्ता गरिएको जिल्ला न्यायाधिवक्ता कैलाश दाहालले जानकारी दिए । उनका अनुसार पक्राउ परेका अभियुक्तविरुद्ध कर्तव्य ज्यान मुद्धामा अभियोग पत्र दायर गरिएको हो । प्रहरीले तवसुन मृत्यु घटनामा उनका बुबा शेख इर्साद, सौतेनी आमा सकिना, झडकेला दाजु शेख मिर अमजा (शेख चाँद)र अमजाकी पत्नी जिन्नत खातुनलाई अभियुक्त बनाएको छ । बुबा इर्साद, झडकेला दाजु अमजा र

बाँकी पृष्ठ २ मा

## शिक्षक आवश्यकता
यस गुरूकुल शिक्षा निकेतन स्कुलका लागि तपसिल बमोजिमका शिक्षकहरु आवश्यक भएकाले इच्छुक योग्य नेपाली उम्मेदवारले ७ दिनभित्र विद्यालय प्रशासनमा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।
तपसिलः
शिक्षक संख्याः ३
विषयः गणित, नेपाली, अंग्रेजी
योग्यताः स्नातक वा सो सरह
तलबः आपसी सहमतिमा तय गरिने ।
फर्म भने म्यादः २०८० पुस ३ गतेसम्म
सम्पर्कः
गुरूकुल शिक्षा निकेतन
सहिदनगर नगरपालिका, धनुषा
फोनः९८०७६ ९७३०४

## भर्ना सम्बन्धी सूचना
केही सिट मात्र बाँकी रहेकोले समयमै आवेदन फाराम भरी मौकाको फाईदा उठाउनुहोस् ।
फाराम भर्ने अन्तिम मिति : २०८०/०८/२८
प्रवेश परीक्षा मिति : २०८०/०८/३०
• BE CIVIL 4 years
• BBA 4 years
• MBA 2 years
भूकम्प प्रतिरोधात्मक तथा भौतिक पूर्वाधारले सम्पन्न जनकपुरधाम अवस्थित आफ्नो ठूलो भवन
CENTRAL ENGINEERING COLLEGE
जनकपुरधाम (रामानन्द चौक देखि दक्षिण राजमार्गको पश्चिम विजय भवन)
Tel.041-527336, 9801124336, 9854024600
98510486517, 9801048617
centralegg@gmail.com|www.cecnti.com

# पोखरीयामा मालपोत स्थापनाको तयारी



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ग्रामिण सदरमुकामको रुपमा रहेको पोखरीयामा मालपोत कार्यालय पर्साको शाखा कार्यालय स्थापना गर्ने तयारी भएको छ । मालपोत कार्यालय पर्साका प्रमुख डमरु निरौला र पोखरीया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानबीच मालपोत कार्यालयको शाखा कार्यालय पोखरीयामा स्थापना गर्ने सम्बन्धमा सहमति भएको छ । पोखरीया नगरपालिकामा बिहीबार भएको बैठकमा मालपोतको सेवा केन्द्र शिव मन्दिरको धर्मशालामा स्थापना गरिने, नजिकैको पुस्तकालयमा नापी कार्यालयको सेवा केन्द्र राखिने, तत्काल आवश्यक कर्मचारी पोखरीया नगरपालिकाले उपलब्ध गराउने, कार्यालयको व्यवस्थापन समेत पोखरीया नगरपालिकाले गर्ने गरी नगर प्रमुखसँग सहमति भएको मालपोत प्रमुख निरौलाले बताए । पर्साको केन्द्र भागमा रहेको पोखरीयामा जिल्लास्थित सम्पूर्ण कार्यालयको सेवा केन्द्र राख्ने योजनाका साथ आफू लागि परेको अवस्थामा मालपोतले सेवा केन्द्र राख्न खोजेपछि आवश्यक तयारीका लागि जुटेको पोखरीया नगरपालिकाका प्रमुख चौहानले बताए ।

पोखरीयामा मालपोत लगायतका सेवा केन्द्र स्थापना गर्नका लागि कालिकामाई, जिराभवानी, विन्दवासिनी, पकहामैनपुर, धोविनी लगायतका गाउँपालिकाले सहमति दिई सकेको र यसका लागि आफूहरु मन्त्रालयदेखि स्थानीय प्रशासनसम्म धाईरहेको अवस्थामा मालपोत कार्यालय पर्साका प्रमुखले नै सेवा केन्द्र स्थापनाका लागि पहल गर्नु सकरात्मक विषय भएको नगर प्रमुख चौहानले बताए ।

# भारतद्वारा उदयपुरमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास

**रासस**
**काठमाडौँ ।**
भारत सरकारको सहयोगमा उदयपुरको बेलका नगरपालिकास्थित जनता बेलका माध्यमिक विद्यालयको भवनको शिलान्यास गरिएको छ । प्रतिनिधिसभा सदस्य एवं पूर्वमन्त्री डा नारायण खड्का र यहाँस्थित भारतीय राजदूतावासका नियोग उप–प्रमुख प्रशन्न श्रीवास्तवले भवनको शिलान्यास गरे ।

नेपाल–भारत विकास सहकार्य अन्तर्गत भारत सरकारको तीन करोड ७९ लाख रुपैयाँ आर्थिक सहयोगमा भवन निर्माण हुन लागेको हो । 'नेपाल–भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग आवश्यक कक्षा कोठा र अन्य पूर्वाधार संरचनासहितको तीन तल्ले विद्यालय भवनको निर्माणमा उपयोग गरिने दूतावासले जनाएको छ । भारत र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत पहिले साना विकास परियोजना नामले परिचित यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइनेछ । बेलका नगरपालिकामार्फत यो परियोजनाको कार्यान्वयन गरिनेछ ।

कार्यक्रममा डा खड्काले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उन्नतिका लागि भारत सरकारले पुर्याउँदै आएको निरन्तर सहयोगको प्रशंसा गरे ।

भारतीय राजदूतावास, काठमाडौंका नियोग उप–प्रमुख श्रीवास्तवले यी परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण हिस्सा भएको बताए । साथै उनले नेपालमा उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यान्वयनले गत महिना सफलतापूर्वक २० वर्ष पूरा गरेको पनि बताए । यस विद्यालयको भवन निर्माण सम्पन्न भएपछि नयाँ विद्यालय भवनले



जनता बेलका माध्यमिक विद्यालयका विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न मद्दत गर्नुका साथै यस क्षेत्रमा शिक्षाको विकासमा योगदान पुर्याउने विश्वास गरिएको छ । सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा पाँच सय ५० वटाभन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र चार सय ८८ वटा परियोजना सम्पन्न भइसकेका छन् ।

# दूरसञ्चार सेवाको अनुमति पाएका तीन कम्पनीको अनुमतिपत्र खारेज

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाको अनुमति पाएका तीन कम्पनीको अनुमतिपत्र खारेज गरेको छ ।

इन्टरनेट (इमेलसहित) को दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरेका युनाइटेड टेलिकम लिमिटेड पुतलीसडक काठमाडौँ, म्याक्स नेट सोलुसन प्रालि कोटेश्वर काठमाडौँ र चितवन नेटवर्क प्रालिको अनुमति पत्र खारेज गरिएको नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक तथा प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।

उनका अनुसार अनुमतिपत्र प्राप्त गरेका ती कम्पनीहरुले तोकिएको समय अवधिभित्र अनुमतिपत्र नवीकरणका लागि निवेदन पेस नगरेकाले अनुमतिपत्र स्वतः खारेज गरिएको हो ।

प्राधिकरणले ती कम्पनीहरुलाई ३० दिनभित्र प्राधिकरणको कार्यालयमा सम्पर्क गरी नियमानुसार तिर्नुपर्ने रकम÷दस्तुर तथा विवरणहरु बुझाउन अनुरोध गर्दै अन्यथा प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अगाडि बढाइने जनाएको छ ।

# महानगरको विवाद साम्य

**मधेशदृष्टि**
**वीरगंज ।**
कोठाको विषयलाई लिएर उत्पन्न तनाव व्यवस्थापन गर्न बसेको वीरगंज महानगरपालिकाको बोर्ड बैठक शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । बैठकले प्रमुख प्रशासकिय अधिकृतको कार्यकक्ष अहिले सरेको कोठामै रहने र पंजिकरण शाखा सार्ने सम्बन्धमा सुशासन समितिलाई प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिने निर्णय गरेको छ ।

प्रतिवेदन आगामी सोमबार पेश गर्ने र सोही दिन ३ बजे बोर्ड बैठक बस्ने निर्णय समेत भएको महानगरपालिका वडा नम्बर ४ का अध्यक्ष जगत साह कानुले जानकारी दिए । नगर प्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको बोर्ड बैठकमा उपप्रमुख इम्तियाज आलम, वडा नम्बर १ देखि ३२ सम्मका वडा अध्यक्ष, नगरपालिकाका बोर्ड सदस्य, प्रमुख प्रशासकिय अधिकृत मातृका भट्टराई लगायतको सहभागिता रहेको थियो । कोठाको विषयलाई लिएर तीन दिनदेखि तनावग्रस्त बनेको महानगरपालिकामा बिहीबार पनि कर्मचारी र सेवाग्राही बाहेक अन्यलाई प्रवेशमा कडाई गरिएको थियो ।

कर्मचारीहरु हातमा कालो पट्टि बाधेर कामकाजमा खटेका थिए भने प्रहरीको बाक्लो उपस्थिति रहेको थियो ।

# पकहामैनपुर पूर्ण खोप गाउँपालिका घोषित

**छठु साह**
**वीरगंज ।**
पर्साको पकहामैनपुर गाउँपालिकालाई पूर्ण खोप घोषणा गरिएको छ । बिहीबार स्वास्थ्य चौकी पकहामैनपुरमा सम्पन्न घोषणा सभामा जिल्ला समन्वय समिति पर्साका सभापति निरन्जन कुमार सर्राफले गाउँपालिकालाई पूर्ण खोप भएको घोषणा गरेका थिए । गाउँपालिका अध्यक्ष सुरेश प्रसाद मेहताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला स्वास्थ्य पर्साका खोप अधिकृत जयमोद ठाकुरले खोप घोषणा गराउन खटिएका कर्मचारीलाई सम्मान गरेका थिए । पर्सा जिल्लामा १० वटा पालिका पूर्ण खोप घोषणा भइसकेको र बाँकी ४ वटा मध्ये पकहामैनपुर गाउँपालिका ११ औ पालिकाको रुपमा पूर्ण खोप घोषणा भएको हो । कालिकामाई, धोबिनी र बिन्दवासिनी गाउँपालिका पूर्ण खोप घोषणा हुन बाँकी रहेको खोप अधिकृत ठाकुरले बताए । कार्यक्रममा जिल्ला सभापति निरन्जन कुमार साह सरार्फ, उपसभापति पुरन पटेल, जिल्ला स्वास्थ्य पर्सा शाखाका प्रमुख डा. मुक्तिनारायण साह, पकहामैनपुर गाउँपालिकाका अध्यक्ष सुरेश प्रसाद मेहता, उपाध्यक्ष सर्फुन नेशा, प्रमुख प्रशासकिय अधिकृत उदयशंकर चौधरी, जनस्वास्थ्य निरिक्षक अनिल यादव लगायत वडा अध्यक्षहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

घोषणा सभालाई सम्बोधन गर्दै गाउँपालिकाका अध्यक्ष मेहताले आउँदो आर्थिक बर्ष २०८१÷२०८२ को योजनामा महिला स्वयम्सेविकालाई दिँदै आएको तलब भत्ता वापतको ३ हजारमा अब २ हजार थप गरी ५ हजार प्रति महिना उपलब्ध गराउने घोषणा गरे ।

# किसानलाई मूल्य शृङ्खलामा काम गर्न अध्यक्ष ओलीको सल्लाह




**रासस**
**धनकुटा ।**
पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पारम्परिक कृषिलाई प्रविधि र मूल्य शृङ्खलासँग जोडेर काम गरे बजारको अभाव नहुने सुझाव दिएका छन् । बैतडीको चिवाघाटबाट पाँचथरसम्मको सङ्कल्प यात्राका क्रममा मध्यपहाडी लोकमार्गबाट भोजपुर हुँदै धनकुटा आइपुगेका अध्यक्ष ओलीले यस्तो सुझाव दिएका हुन् । यात्राका क्रममा पाख्रिबास नगपालिका आइपुगेका ओलीले नगरमा रहेको प्राकृतिक स्रोत व्यवस्थापन क्याम्पसका विद्यार्थीसँग अन्तक्र्रिया गरेका थिए । नेकपा एमाले जिल्ला कमिटी धनकुटाले आयोजना गरेको कार्यक्रममा धनकुटाको कृषि क्षेत्रको समस्या र अवस्थाका बारेमा क्याम्पसका प्रमुख निराजन भण्डारीले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्रमा भण्डारीले धनकुटाको कृषि तथा दुग्धजन्य बजारले भारतसँग प्रतिष्पर्धा गर्न नसकेकाले भारतीय कृषि उपज बन्द गर्न मागसमेत गरेका थिए । सागलाई गुन्द्रक बनाएर महँगोमा बेच्न सकिने आधार दिँदै अध्यक्ष ओलीले अन्य कृषि उपजलाई पनि बजारको मागअनुसार तयारी गरेर बेच्न सुझाव दिए । त्यसका लागि राज्यले वास्तविक किसानलाई पहिचान गरेर अनुदान दिने र कृषिलाई प्रविधिसँग जोडेर लानुपर्ने उनको भनाइ थियो । 'पढेर पासपोर्ट बनाएर विदेश होइन, यहीँ केही गर्र्नू । टिपेर ल्याउन विदेशमा सुन फलेको छैन', उनले भने, 'अलि ढिलो होला तर दुःख गरे यहीँ धनी हुन सकिन्छ ।' बिहीबारबाट महालक्ष्मी नगरपालिकाको लेगुवा बजारबाट सुरु भएको सङ्कल्प यात्रा पाख्रिबास नगरपालिकाको पाख्रिबास बजार, धनकुटा नगरपालिकाको हिले बजार, छथर जोरपाटी गाउँपालिकाको सिँधुवा बजार हुँदै टोली तेह्रथुमको वसन्तपुर पुगेर आमसभामा सहभागी हुने एमाले धनकुटा जिल्ला कमिटीका अध्यक्ष इन्द्रमणि पराजुलीले जानकारी दिए ।

# पोखरीयालाई व्यवस्थित सहर बनाउन अभियान शुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरीयालाई व्यवस्थित सहरी बनाउन अभियान शुरु गरिएको छ । पोखरीयालाई विकास तथा टाउन प्लानिङ्ग सहित नयाँ सहर व्यवस्थापनका लागि विगत ३८ वर्षदेखि गठन गरिएको पोखरीया नगर विकास समितिले नयाँ नेतृत्व पाएसँगै व्यवस्थित बनाउने अभियान शुरु गरिएको हो । पोखरीया नगरपालिकाका प्रमुख एवम् नगर विकास समिति पोखरीयाका अध्यक्ष प्रद्युम्न चौहानको अध्यक्षतामा बिहीबार पोखरीयामा सम्पन्न समितिको बैठकले शुक्रवार नगर विकास समितिको जग्गामा ट्र्याक खोलेर नयाँ सहर व्यवस्थापनका लागि काम शुरु गर्ने निर्णय गरेको छ । २०४२ सालमा स्थानीयको जग्गा अधिग्रहण गरी व्यवस्थित पोखरीया बनाउने अभियानका साथ गठन गरिएको पोखरीया नगर विकास समिति ३८ वर्ष सम्म कागजमै सिमित थियो । अहिले पोखरीयालाई व्यवस्थित बनाउने कार्यमा नगर प्रमुखकै अध्यक्षतामा गठित समितिले काम शुरु गरेको नगर विकास समितिका सदस्य मनोज प्रसाद कुर्मीले बताए । पोखरीया नगर विकास समितिको जग्गा प्लटिङ्ग धेरै पुरानो योजना भएको अब यसको व्यवस्थित शुरुवात गर्न लागिएको नगर प्रमुख चौहानले बताए । बैठकमा पोखरीया नगर विकास समितिका सदस्य मनोज प्रसाद कुर्मी, योगनन्द प्रसाद चौहान, योगेन्द्र कुर्मी, पोखरीया नगरपालिका वडा नम्बर ४ का अध्यक्ष लक्ष्मण साह कानु, पोखरीया नगर विकास समिति उपभोक्ता समितिका अध्यक्ष राजु गिरी, भूमि व्यवस्थापन सल्लाहकार हरिनारायण मिश्र लगायतको सहभागिता रहेको थियो ।

# ग्यास र चुलो वितरण

**मधेशदृष्टि**
**पोखरीया ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर ५ सतवरियामा आज धुवा मुक्त वडा बनाउने योजना अन्तरगत रहेको ३६ लाख ९० हजारको बजेटबाट ग्यास र चूलो वितरणका लागी सर्वदलीय बैठक सम्पन्न भएको छ । वडा नम्बर ५ अध्यक्ष महेन्द्र महतोको अध्यक्षतामा सर्वदलीय बैठक सम्पन्न भएको हो। सर्वदलीय बैठकबाट वडा नम्बर ५ सतवरिया मा रहेको करीब ५ सय ५ घर धुरी रहेको घर परिवारमा संगोलबाट छुट्टाछुटै बसोबास गरेका परिवारलाई १ घर १ ग्यास र चुलो वितरण गरीने निर्णय गरिएको वडा सचिव हजारी यादवले बताउनुभयो । सर्वदलीय बैठकमा वडा नम्बर ५ का पूर्ववडा अध्यक्ष उमाकान्त साह कानू, पूर्व गाविस उपाअध्यक्ष गोवर्धन यादव, मनोज साह कानू , हरेन्द्र महतो चाई, हरेन्द्र दुबे, गया साह कानु, लगायतको सहभागिता रहेको थियो ।

# तवसुनको हत्या भएको प्रहरीको..........

अमजाकी श्रीमती खातुन फरार रहेको र उनीहरुको खोजी भइरहेको प्रहरी उपरीक्षक प्रविण धितालले जानकारी दिए । उनका अनुसार पक्राउ परेकी सौतेनी आमा सकिनाले मृतकका बुबा इर्साद र झड्केलो दाजु अमजा विगत एक महिनाअघिदेखि बाहिर रहेको बताए पनि तवसुनको मृत्यु भएको दिन दुवैजनाले प्रयोग गर्ने सिमको 'लोकेशन' हरिवनमै देखिएकाले तवसुनको मृत्युमा प्रहरीले अभियुक्तको कर्तव्य दाबी गरेको छ । पोलिग्राफ मेसिनले परीक्षण गर्दासमेत पक्राउ परेकी अभियुक्त तवसुनकी सौतेनी आमा सकिनाले झुठो बोलेको रिपोर्ट आएको जिल्ला न्यायाधिवक्ता दाहालले जानकारी दिए । प्रहरीका अनुसार एक्कासी पेट दुखेर मृत्यु भएको भन्दै कात्तिक २६ गते तवसुनको शव परिवार र स्थानीय मिलेर दशसंस्कार स्थलमा गाडेका थिए । दशसंस्कार स्थलबाट तवसुनको शव उत्खनन् गर्नेक्रममा स्थानीयले इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी प्रमुख एवम प्रहरी निरीक्षक अनिलराज गिरीसहित अन्य सुरक्षाकर्मीलाई दुव्र्यवहारसमेत गरेका थिए । तर प्रहरीले शव पोष्टमार्टम गराएर भिसेरा परीक्षणका लागि मुटु,फोक्सो र कलेजोको टुक्रा समेत विधि विज्ञान प्रयोगशाला काठमाडौँ पठाएपछि शव तवसुनका परिवारलाई नै जिम्मा लगाएको र मुस्लिम परम्पराअनुसार खाल्डो खनेर गाडिएको थियो ।

# पशुपतिनाथको धर्मभकारी थापेर पशुपति हिन्दू विश्वविद्यालय स्थापना

**रासस**
**काठमाडौँ ।**
आराध्यदेव शुपतिनाथका नाममा धर्मभकारी थापेर पशुपति हिन्दु विश्वविद्यालय स्थापना गरिने भएको छ । पशुपति क्षेत्र विकास कोषले पशुपति हिन्दू विश्वविद्यलय स्थापनाका लागि विद्वानसँग सुझाव लिन बिहीबार आयोजना गरेको कार्यक्रममा श्री पशुपति हिन्दू विश्विद्यालय स्थापना तयारी समितिका संयोजक डा जगमान गुरुङले नेपाल सरकारको अनुदान नलिई धर्मभकारी थापेर भगवान भोलेनाथले वर्षाउने स्रोतले नै विश्विद्यालय स्थापना गर्न लागिएको जानकारी दिए । कोषले गठन गरेको समितिले शिवसङ्कल्पका आधारमा विश्विद्यालय स्थापना हुने गरी तयारी गरिएको जानकारी गराइएको हो ।

'पशुपति र हिन्दू दुई शब्दले विश्वमा नेपालको आकर्षण बढाउँछ, विश्वका हिन्दू नेपाल आउने वातावरण बन्छ, यसले नेपालको शिर उच्च बनाउँछ, गोठाटारमा रहेको कोषको



जग्गाको ईशान कोणमा विश्वविद्यालय बनाउने गरी अध्ययन भएको छ',उनले भने । समितिका सदस्य एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्व अध्यक्ष धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले नेपालका संस्कृतिपरक दर्शनको अध्ययन अनुसन्धान गर्ने गरी विश्वविद्यालय स्थापना हुने बताए । मानवमात्रको विश्वविद्यालय बनाउने गरी कानुनको मस्यौदा भइरहेको उनले जानकारी दिए । विश्विद्यालयलाई राजनीतिक छायाका रुपमा नभई स्वतन्त्र प्राज्ञिक संस्थाका रुपमा स्थापित गर्ने समितिले गृहकार्य गरेको धर्मशास्त्रविद् गौतमले सुनाए । कोषका सदस्य सचिव राजुकुमार केसीले पशुपतिका नाममा स्थापना हुने विश्वविद्यालयलाई गोठाटारमा रहेको जग्गाबाट ठाउँ दिने व्यवस्था गुरुयोजनामा गरिएको जानकारी गराए । सांस्कृतिक अध्ययन अनुसन्धानको नमूनास्थलका रुपमा विश्वविद्यालयलाई अघि बढाइने उनको प्रतिबद्धता थियो । कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले पछिल्लो समय पशुपतिनाथलाई सहयोग गर्ने भन्दा माग्नेको सङ्ख्या बढिरहेको बताउँदै विश्वविद्यालयका लागि भने सहयोग जुटाउन काम गरिने जानकारी गराए । ८२ प्रतिशत हिन्दू रहेको देशमा पशुपति हिन्दू विश्वविद्यालय स्थापना गर्दा देशको गौरव बढ्ने उनको भनाइ थियो । कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले विश्वविद्यालयले कसैलाई सम्बन्धन नदिने गरी यसको स्वरुप निर्धारण गर्न लागिएको जानकारी गराए । कोषले गठन गरेको कार्यदलले सम्भाव्यता अध्ययन गरी प्रतिवेदन बुझाएपछि विश्वविद्यालय स्थापनाका लागि समिति गठन गरिएको उनले बताए ।

कार्यदलले बुझाएको प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अध्ययन गरी अहिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाएको जानकारी पनि समितिको सदस्य सचिवसमेत रहनुभएका कार्यकारी निर्देशक खतिवडाले गराए । शिक्षा मन्त्रालयले प्रतिवेदन स्वीकृत गरेपछि विश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढ्ने कार्यक्रममा जानकारी गराइएको थियो ।

राजनीतिको रोमाञ्चकता त्यतिखेर कायम रहन्छ, जब द्वन्द्वले नेतृत्व गरिरहेको हुन्छ।

– रिड्ली स्कट

## सम्पादकीय

# देशको अर्थव्यवस्थाको सुधारोन्मुख ऐना

विदेशी मुद्रा सञ्चिति १० दशमलव दुई प्रतिशतले बढेको तथ्य नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षको चार महिनामा विदेशी मुद्राको विनिमय सञ्चिति १६ खर्ब ९६ अर्ब ७८ करोड रुपैयाँ पुगेको बताइएको छ । राष्ट्र बैंकमा सञ्चिति १४ खर्ब ९० अर्ब ३ करोड रुपैयाँ बराबर छ । असार मसान्तसम्ममा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ थियो । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०० असार मसान्तमा एक खर्ब ९३ अर्ब ५९ करोड रुपैयाँ रहेकामा कात्तिकमा छ दशमलव चार प्रतिशत वृद्धि भई दुई खर्ब पाँच अर्ब ९५ करोड रुपैयाँ रहेको छ । यस्तै, मुलुकबाट बाहिरिनेभन्दा भित्रिने पैसाको मात्रामा क्रमशः वृद्धि भएको अर्को उत्साहजनक तथ्य पनि बाहिर आएको छ । चालु आर्थिक वर्षको चार महिनामा शोधनान्तर स्थिति एक खर्ब ४७ अर्ब ११ करोड रुपैयाँ बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २० अर्ब तीन करोड रुपैयाँ बचतमा थियो । ९६ अर्ब ३८ करोड रुपैयाँ बचत पक्कै राम्रो पाटो हो । पछिल्लो चार महिनामा देश १ खर्ब रुपैयाँ ऋणमा परेका बेला यो तथ्यले पक्कै केही राहतको महसुस भएको छ ।

पुँजीगत ट्रान्सफर ४६ दशमलव छ प्रतिशत कमी आएको छ । एक अर्ब ५९ करोड रुपैयाँ कायम हुँदा खुद प्रत्यक्ष वैदेशिक लगानी तीन अर्ब ६४ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर दुई अर्ब ९७ करोड रुपैयाँ कायम थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४२ करोड ९२ लाख रुपैयाँ मात्र थियो । यस हिसाबले अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १४ करोड ९६ लाख रुपैयाँले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ११ करोड रुपैयाँले बचत पक्कै उत्साहजनक प्रगति नै मानौँ । आर्थिक वर्ष २००–१ को चार महिनामा कुल वस्तु आयात तीन दशमलव आठ प्रतिशतले कमी आई पाँच खर्ब १२ अर्ब ५० करोड रुपैयाँ छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १८ दशमलव एक प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत र अन्य मुलकबाट भएको आयात क्रमशः दुई दशमलव पाँच प्रतिशत र २७ दशमलब सात प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४ दशमलब चार प्रतिशतले बढेको छ । भैरहवा, सुख्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, मेची, रसुवा, तातोपानी तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात भने घटेको छ । आयातमा भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगञ्ज, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा पनि कमी आएको छ । यो चार महिनामा कुल वस्तु व्यापारघाटा तीन दशमलव तीन प्रतिशतले कमी आई चार खर्ब ६१ अर्ब ९४ करोड रुपैयाँ कायम भएको छ । चार महिनामा चार खर्ब ७७ अर्ब ९६ करोड रुपैयाँ बराबरको विप्रेषण मुलुकमा भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीयस्थिति प्रतिवेदनमा साउनदेखि कात्तिकसम्म विप्रेषण आप्रवाह २६ दशमलव चार प्रतिशतले वृद्धि भएको छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# व्यापारी, उद्योगपति तथा किसानको सम्मान



हरिविनोद अधिकारी

करको अर्थ परिस्थिति अनुसार धेरै हुन सक्छन्। यहाँ कर भनेको सरकारलाई बुझाउने दस्तुर भन्ने बुझौँ। विभिन्न कारणले कर सरकारले लगाउँछ तर सर्त भनेको जनतालाई त्यसको कारण पनि भन्नुपर्छ र कर लिएबापत त्यसको सेवा पनि दिएको हुनुपर्छ । प्रसङ्ग त महाभारत कालमा किन कर उठाउँथे र कसरी कर उठाउने गर्दथे भन्ने बारेमा नै हो। आजको दिनमा आर्थिक अर्थमा प्रयोग गरिने करको शाब्दिक अर्थ के रहेछ थाहा पाउन नेपाल प्रज्ञा प्रतिष्ठानको बृहत् शब्दकोशको विद्युतीय स्वरूपमा उपलब्ध शब्दकोशमा करका बारेमा यस्तो लेखिएको रहेछः

कर संस्कृत शब्द रहेछ। त्यसको तेस्रो प्रविष्टिमा भनिएको छः

१. पहिले रैतीले भेटीका रूपमा जिमिदार, तालुकदार आदिलाई दिने गरिएको विभिन्न प्रकारको रकम (ओलक, ठेकी, चार दाम, साउने, फागु, कुत)।

२. प्राचीन कालमा एक राष्ट्रले आफूभन्दा बलियो अर्को राष्ट्रलाई बुझाउने दस्तुर, सिर्तो।

३. राजस्वमा दाखिल हुने गरी नागरिकले सरोकारवाला कार्यालयलाई अनिवार्य दिनुपर्ने विभिन्न प्रकारको तिरो वा रकम (आयकर, मालपोत, बिक्रीकर, अन्तःशुल्क, आयातकार, निर्यातकर)।

महाभारतमा कोषका बारेमा भनिएको छः राज्य भनेको नै कोष हो। राजाको धन (राज्यको धन) कोषमा सङ्ग्रह गरिएको हुन्छ । पौरस्त्य राज्य प्रणालीमा राजालाई राज्यको प्रमुख मानेको अवस्था थियो र राजाको महत्त्व भनेको नै कोषको सङ्ग्रह गरी जनतालाई सेवा दिने हो भन्ने स्पष्ट भनिएको थियो। असुरहरूका गुरु तथा महर्षि शुक्रका विचारमा कोष, बल (सुरक्षा) तथा अर्थ भाव नै यस्ता तीन ओटा मूल तत्त्वहरू हुन् जुन राज्य वृद्धिका मुख्य आधारहरू हुन्। सोमदेवका अनुसार कोष नै वास्तविक शासक हो किनभने राजाको पार्थिव शरीर होइन। राजाको शरीर त मात्र सोच्न र काम लगाउन मात्र काम लाग्छ। कोष विना राज्यको केही पनि काम हुनै सक्दैन । शान्तिपर्वमा नै भनिएको रहेछ, कोष नै हो राज्यलाई वास्तविक स्वर्ग बनाउने र राज्यको सुदृढीकरण गर्ने । कोषहीनताले राजालाई निर्बल गराउँछ। अश्वमेधिक पर्वमा राजा मरुतका बारेमा भनिएको छः मरुतसँग आवश्यक मुद्रा नहुनाले उनले अश्वमेध यज्ञ गर्न पनि सकेनन् र छिमेकी राजाहरूले उनलाई धनविहीन राजा भनेर हेला गरेका थिए। पछि त्यही मरुतले कतै लुकाएर राखेको अपुग धन अर्जुनले फेला पारेर अश्वमेध यज्ञका लागि धन सङ्ग्रह गरेको कथा पाइन्छ।

धन सङ्ग्रह गर्ने भनेको नियम बनाएर, जनतालाई बोझ नपारी तर जनतासँग जनताको सेवाका लागि लिइने धन हो। सबैले मागेर खान पाइँदैन भनेर महाभारतको शान्तिपर्वमा भीष्म पितामहले महाराज युधिष्ठिरलाई भनेका रहेछन् । मागेर खाने काम त योगीहरूको हो, ब्राह्मणको हो जो शिक्षा प्रदान गर्नका लागि राज्यबाट प्राप्त अनुदानबाट मात्र जीविका नहुने अवस्थामा निकटस्थ गाउँमा गएर भिक्षा माग्न पाउने अधिकार दिएको बुझिन्छ । त्यसरी माग्न पाउने अधिकार विद्यार्थीहरूलाई थियो, या त परिभ्रमणमा हिँडेका अनुसन्धाताहरूको अधिकारको विषय थियो । पुराणहरूमा त राजाको कर्तव्य नै कोष सङ्ग्रह, कोषको रक्षा र कोषको वितरण गर्ने हो भन्दै राजाका धेरै कर्तव्यहरूमध्ये कोषको सङ्ग्रहका लागि समय समेत विभाजित गरिएको देखिन्छ । कोषको निरीक्षण गर्ने र जनतालाई कुनै कष्ट नपु¥याई, दिन सक्नेहरूबाट मात्र राजी खुसी कर सङ्ग्रह गर्ने गराउने जिम्मा राजाकै हो। प्रथम शासक मनुका अनुसार कोषको सम्पूर्ण जिम्मा राजाकै हो। याज्ञवल्क्यका अनुसार राज्यको आय व्ययको हिसाब राख्ने काम राजाकै हो। कहाँबाट कसरी आम्दानी भयो, कसरी कहाँ कसले कसरी खर्च गरेको छ, त्यसको अद्यावधिक हिसाब राख्ने काम अन्ततः राजाकै हो । आय व्ययको निरीक्षण गर्नु, कर्मचारीहरूले जम्मा गरेको कोषलाई सञ्चित कोषमा जम्मा गर्ने काम पनि राजाकै हो। कोषका बारेमा सम्पूर्ण जिम्मा राजाकै हुन्छ। शान्तिपर्वमा युधिष्ठिरको जिज्ञासामा भीष्म पितामहले स्पष्ट शब्दमा आदेश दिँदै भनेका छन्ः हे युधिष्ठिर, एउटा राज्यको मुख्य शासनका आधारहरू हुन्ः कोष, दण्ड, मन्त्र तथा चर। यी चारै विषयको जानकारी राख्ने, निरीक्षण गर्ने र कोषलाई वृद्धि गर्ने काम राजाले गरे मात्र राज्यको प्रतिष्ठा बढ्छ।

युधिष्ठिरद्वारा कोष सङ्ग्रह गर्नका लागि लिइने करका सम्बन्धमा गरिएका अनेक प्रश्नहरूको उत्तर दिँदै पितामह भीष्म भन्छन्, जसरी भँवराले रुखमा लागेको फूल र रुखका कलिला डाँठहरूको रस लिन्छ तर रुखलाई भँवराले, फूललाई मौरीले कुनै दुःख पु¥याएको हुँदैन, ठिक त्यसै गरी जनतालाई कुनै शोषण नगरीकन तर उनीहरूसँग भएको रस लिने काम राजाले गर्नुपर्छ र कोष सङ्ग्रह हुन्छ। जसरी भर्खर दाएको बाछोलाई धेरै भारी बोकायो भने उसले त्यो भारी फाल्छ या सुत्छ र भारी बोक्दैन, तर अलि अलि बोकायो भने खुसीसाथ दौडँदै हिँडेको हुन्छ, ठिक त्यसरी नै बिस्तारै बिस्तारै करको दर लगाएर सङ्ग्रह गर्नुपर्छ । करका दरका कारणले जनताको दैनिकीमा गरिबी देखिनु हुँदैन। केही मानिसहरू जुनसुकै करको पनि विरोध गर्नेछन्, त्यसैले एकै पटक सबैलाई कर लगाएर बिच्काउनु भन्दा केहीलाई कर लगाएर प्रयोग गर्ने र बिस्तारै बिस्तारै सबैलाई कर लगाउन थाल्नुपर्छ। केहीलाई लोभ देखाएर, केहीलाई धम्की दिएर र केहीलाई दण्डसमेत दिएर भए पनि विरोधीहरूलाई विभाजित गर्नुपर्छ र उनीहरूको विभाजित समूहको फाइदा लिँदै कर असुली गर्न सकिन्छ।

भीष्म अझ आदेश दिन्छन्ः हे नरेश्वर, एकै पटक धेरै करको बोझ जनतालाई नलाद्नू। समय र परिस्थिति हेरेर मात्र कर लगाउनू। प्रजालाई किन कर लगाएको हो, यसबाट के फाइदा छ भन्ने कुरा सम्झाई बुझाई मात्र करको व्यवस्था सुरु गर्नुपर्छ । उचित तरिकाबाट र उचित परिस्थितिमा मात्र कर लगाउनू। जसरी घोडालाई धेरै चाबुक लगायो भने रिसाउँछ र सवारलाई हुत्याउँछ र मनोमानी तरिकाले जता पायो त्यतै दौडन्छ, टोक्छ, लात्ताले हान्छ, त्यस्तै हो जनतालाई पनि मनपरी कर उठाउन थालियो भने र त्यसको सट्टा के सेवा दिने हो स्पष्ट छैन भने जनताले विद्रोह गर्छन् र राजाका विरोधीहरूसँग मिल्न जान्छन्, रोष देखाउँछन्, कर नै तिर्ने छैनन्। जे गरे पनि हुन्छ सरकारलाई कर दिए हुन्छ भन्ने विचार नगर्नू। यौनकर्मी तथा उनका दलाल, जुवा घर, मदिरालय जस्ता पेसा गर्ने गराउनेसँग कर लिने नै होइन, उनीहरूलाई त्यस्तो पेसा गर्न नै दिनु हुँदैन, दण्डित गरेर दबाउनु पर्छ र अरूलाई पनि त्यस्तो नगर्नका लागि कडा कानुन तयार गर्नुपर्छ। कर आउँछ भनेर जनताको दैनिक अवस्थामा नकारात्मक असर पार्ने काम गर्न गराउनु हुँदैन किनभने आशक्तिमा परेको मानिसले मासु खान्छ, मदिरा पिउँछ, अर्काको धन, बस्तुभाउ र परस्त्रीमा आँखा लगाउँछ र लुट्छ। त्यस्तालाई कडाभन्दा कडा कानुन लगाई दण्ड दिनू । तिम्रो राज्यमा आपतकालमा मात्र कसैले मागोस् र हुनेले देओस् तर सकेसम्म भिख माग्ने, लुटेरा नहुन । ती अर्काको कमाइ ठग्ने मात्र हुन्। तिनीहरूले मुलुकको कोषमा वृद्धि गर्ने होइनन्।

भीष्मको आदेश थियो युधिष्ठिरलाई कि हे महाराज, जसले सबैलाई माया गर्छन्, दया गर्छन् र प्रजाको उन्नति र प्रगतिमा सोचिरहेका हुन्छन्, ती मात्र तिम्रो देशमा बसुन्, अरूको अहित गर्नेहरूलाई बेलैमा चिनेर दण्डित गर्नू किनभने तिनले राज्यको बदनाम मात्र गर्नेछन्। जुन राज कर्मचारीले अनुचित रूपमा कर लगाएर वा लगाउन लगाएर जनतालाई दुःख दिन्छन्, तिनलाई तत्कालै चिनेर कडा दण्ड दिनू। अनि अरू असल अधिकारीहरू आउन् र ठिकसँग सम्झाई बुझाई करका दरहरू निर्धारण गरुन्। कुशल कर्मचारीहरू छानेर मात्र कर उठाउन पठाउनू। खेती, गोरक्षा, वाणिज्य तथा यस्तै प्रकारका अन्य व्यवसायीलाई प्रोत्साहित गर्नू, तिनीहरूको बाक्लो बस्ती बनाएर राज्यलाई सम्पन्न गराउनू। अनि मात्र कोष सम्पन्न हुन्छ र कमजोर आर्थिक अवस्था भएकाहरू, विद्यार्थीहरू, ऋषिहरू र गुरुहरूलाई सहयोग गर्न सकिन्छ । यदि बदमासहरूले मुलुकको कोष बढाउने पेसा भएकाहरूलाई दुःख दिएमा राज्यको बदनाम हुन्छ र ती पेसागत मानिसहरू अर्को देशतिर आकर्षित हुनेछन्। त्यसो हुँदा राज्यको पनि बदनाम हुनेछ, राजाको पनि बदनाम हुनेछ र देशको कोष पनि कमजोर हुनेछ।

हे युधिष्ठिर, व्यापारी, उद्योगपति तथा खेती गरेर जनतालाई सेवा गर्नेहरूलाई राजा पुरस्कार दिनुपर्छ र भन्नुपर्छ, हे महानुभावहरू मेरो देशमा बसेर मेरा देशका जनताहरूलाई सीप पनि सिकाउनुहोस् र तपाईँहरू पनि यही देशमा बसेर यो देशलाई समृद्ध बनाउनु होस् र मलाई र मेरा जनता तथा यो देशमाथि कृपा दृष्टि दिनुहोस्। ती सीपयुक्त मानिसहरूलाई मिठो खाना दिएर, राम्रा राम्रा लुगाहरू दिएर अनुरोध गर्नू।

भीष्म भन्छन्ः हे भरत नन्दन, धनीहरू नै राज्यका कोषका आधारहरू हुन् । धनवान् पुरुषहरू नै प्राणीहरूमध्ये असल मानिन्छन्। यसका शङ्का नगर्नू। विद्वान, सुरवीर, धनी, धर्मनिष्ठ र स्वामी, तपस्वी, सत्यवादी तथा बुद्धिमान् मानिसहरूले मात्र जनताको रक्षा गर्न सक्छन् भन्ने कुरा बुझ। हे महाराज, सबैलाई प्रेम गर, सत्य, सरलता, क्रोधहीनता, र दयालुपन र सद्धर्मले मात्र जनताको मन जित्न सकिन्छ र राम्रोसँग राज्य गर्न सकिन्छ। यसो हुँदा मात्र तिमीसँग दण्ड धारण गरेर जनतामा राज्य गर्ने क्षमता बढ्नेछ, मित्र, कोष र सुरक्षाका लागि सेनाको संख्या पनि बढ्नेछ। राज्यको रक्षा पनि हुनेछ र जनतामा राजाका प्रति स्नेह पनि बढ्नेछ।

# देउवा हटाउन गगनको प्रस्ताव शेखरको अगुवाइ

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले नेतृत्व गरिरहेको संस्थापनइतर खेमाको बैठक बुधबार भइरहेको थियो । त्यही बेला महामन्त्री गगनकुमार थापालाई सभापति शेरबहादुर देउवाको तर्फबाट तारन्तार फोन आइरहेको थियो। एक नेताका अनुसार त्यसपछि थापाले छिटो निस्किने भन्दै आफ्नो धारणा राखे। त्यसक्रममा उनले संसदीय दलको नेता परिवर्तन गर्न कोइरालाको नाम प्रस्ताव गरे । बिबिसी नेपाली सेवाको सामग्रीका अनुसार, यसको अर्थ र प्रभावबारे नेताहरूले आआफ्नै ढङ्गले व्याख्या र विश्लेषण गरिरहे।

'गगनजीले पहिला म उठेँ, मैले पार गर्न सकिनँ। विकल्पमा शेखरजी नै तयार भएर पनि संसदीय दलको नेता परिवर्तन गर्नुपर्छ भन्ने प्रस्ताव राख्नुभएको हो,' नेता अर्जुन नरसिंह केसीले जानकारी दिए । महाधिवेशनमा देउवालाई सभापतिमा चुनौती दिएका कोइरालाको खेमाबाटै थापा महामन्त्री उम्मेदवार बनेका थिए । संसदीय दलको नेताको चुनावमा भने कोइरालाको समर्थनमा थापा उम्मेदवार भएका थिए। थापाको प्रस्तावमा आफूहरूको पनि समर्थन रहेको नेता केसीले बताए।

उनले भने, 'वस्तुगत परिस्थितिको विश्लेषण र समीक्षा गरेर त्यसलाई अघि बढाउन हामी पनि गम्भीर नै छौँ।' कोइरालानिकट नेताहरूमा पनि त्यसले एक खालको उत्साह थपिदिएको पाइन्छ । उनीनिकट सांसद राजेन्द्र बजगाईंले थापाको प्रस्तावमा आफूहरूले समर्थन जनाएको सुनाए। उनका अनुसार देउवाको विकल्प खोज्न अगुवाइ गर्ने प्रस्तावमा कोइरालाले पनि मन्जुरी दिएका छन्। 'उहाँले पनि प्रस्ताव स्वीकार गर्नुभयो र म नेतृत्व गर्छु भन्नुभयो,' सांसद बजगाईं भन्छन्, 'जसरी गाडी गुडाउन बाटो बनाउनुपर्छ, नेतृत्व लिन अग्रसर भए पछि नै वातावरण अनुकूल हुन्छ।'

पछिल्ला दिनहरूमा कोइराला खेमामा विभाजन देखा परेको समाचार आइरहेका थिए। गगन थापा सहभागी नहुने खबरहरूबीच सहमति गरेर बैठक सारेर एक दिन पछि गरिएको बताइएको छ। बैठकपछि आपसी संवादको कमी भएको स्वीकार समूह "एक ढिक्का" रहेको नेताहरूले बताएका छन्। महामन्त्री गगन थापाले प्रतिनिधिसभाको निर्वाचनका बेलामै आफू प्रधानमन्त्रीको उम्मेदवार भएको घोषणा गरेका थिए। तर संसदीय दलको नेतामा कोइरालालाई अघि सारेर के थापा आफू सभापतिमा अघि सर्न खोजेका त हैनन् ? सांसद बजगाईंका अनुसार अघिल्लो पटक संसदीय दलको नेताको उम्मेदवार बन्दा महामन्त्री थापाले आगामी महाधिवेशनमा कोइराला सभापतिको उम्मेदवार हुने बताएका थिए।

'गगन थापाको ५५ वर्षको उमेर हद र शेखर कोइरालाको 'यसै पटक एकै पटक' भन्ने नारा त्यही बेला खारेज गरिएको हो, त्यसमा बेइमानी नहोला,' उनले भने । नेता अर्जुन नरसिंह केसीले भने अहिले भावी सभापतिबारे कुनै प्रतिबद्धता नजनाउने बताए। एक दाबेदारको रूपमा रहेका थापा आफैँले 'सामूहिक रूपमा अघि बढौँ' भन्ने प्रस्ताव राखेको कुरालाई आफूहरूले महत्त्वपूर्ण रूपमा लिएको उल्लेख गर्दै केसीले भने, 'पछि कसरी जाने भन्नेबारे बसेर छलफल गरेर टुङ्ग्याउँछौँ।'

उनले अरू पार्टीहरूले 'मिशन २०८४' भने पनि आफ्नो पार्टीको निम्ति 'मिशन २०८२' भएको बताए।

'अहिले देखिएका निराशा र अविश्वासको खाडल पुर्ने गर्ने गरेर नयाँ दिशा दिने सङ्कल्पका साथ नीति, संरचना र नेतृत्वमा परिवर्तन भयो भने हामीले जुनसुकै परिस्थितिको पनि मुकाबिला गर्न सक्छौँ,' केसीको धारणा छ।

आगामी महाधिवेशनमा देउवा सभापतिमा चुनाव नलड्ने अनुमानबीच भावी समीकरणबारे अन्योल र अनुमान जारी छ । देउवाले आफ्नै खेमाबाहिरबाट समेत उत्तराधिकारी खोज्न सक्ने एक थरीको आकलन पाइन्छ। त्यसलाई ध्यानमा राखेर कोइराला खेमामा विकल्पको नयाँ बहस सुरु भएको विश्लेषण गर्नेहरू पनि छन्।

# जनताको जीवनस्तरमा सुधार ल्याउनै पर्छः श्रेष्ठ



- *समानुपातिक र सन्तुलितरुपमा विकास हुनुपर्छ*
- *कानुनको अभावले जनशक्तिकै बाँडफाँट हुन सकेन*
- *जनताको पीडामा सरकारले ध्यान दिन सकेन*
- *राष्ट्रिय सभाका कामलाई सरकारले महत्व दिँदैन*

> **“**
> *‘विकास जरुरी भएको ठाउँमा बजेट छुव्याउनुपर्नेमा पहुँचका आधारमा स्रोतको बाडफाड हुन्छ । पहुँचवाला मन्त्रीको क्षेत्रमा विकासका आयोजना बढी छन्, पहुँचको आधारमा बजेट छुट्टयाउनु हुँदैन ।’*
> ***भैरवसुन्दर श्रेष्ठ, राष्ट्रियसभा सदस्य***

राष्ट्रियसभाका सदस्य भैरवसुन्दर श्रेष्ठलाई मुलुकमा सुशासन कामय, विकास र पूर्वाधारमा ध्यान दिएर जनताको जीवनस्तरमा सुधार गर्न नसकेको महसुस भएको छ । जनता अनेक खालका पीडामा छट्पटाइरहेको अवस्थामा सत्ता सञ्चालन गर्नुपर्नेको ध्यान पीडितको मागतर्फ पुग्न नसकेको उनको अनुभव छ । ‘जनता पीडामा छन्, विकासको प्रतीक्षामा छन्, जततालाई विकास र सुशासन दिन सकिएको छैन’, नेकपा (एकाले) का पोलिटब्युरो सदस्यसमेत रहेका श्रेष्ठले भने, ‘सरकार लोककल्याणकारी भएन, सरकारको ध्यान पूर्णरुपमा पीडित जनतामा हुनुपर्ने हो, त्यो हुन सकेन ।’ भूकम्पका कारण जाजरकोटमा एकसय एकजना र रुकुम पश्चिममा ५३ जनाको मृत्यु भएको र पछि चिसोले कठ्याङ्ग्रिएर अन्यको ज्यान जाँदा पनि सरकार कताकता अल्मलिएको उनलाई लागेको छ । जाजरकोटकै नेतासमेत रहेका श्रेष्ठलाई जनताको पीडा सरकारले ध्यान नदिएकोप्रति थप पीडा भइरहेको छ । ‘मानवीय तथा भौतिक क्षति भएको छ, चिसोले कठ्याङ्ग्रिएर धेरैको ज्यान जाँदै छ, ज्येष्ठ नागरिक, सुत्केरी, बालबालिका धेरै प्रभावित छन्”, सांसद श्रेष्ठले भने ‘पीडितलाई तत्काल राहत दिनुपर्छ ।’ चिसोको समयमा पीडितलाई न्यानो कपडा जरुरी भएको उनको भनाइ छ । पुनःनिर्माण र राहतका काम तदारुकताका साथ अघि बढाउन आयश्यक भएको उनी बताउँछन् । मुलुकमा विकास समानुपातिक र सन्तुलितरुपमा हुनुपर्ने सांसद श्रेष्ठ बताउँछन् । ‘विकास जरुरी भएको ठाउँमा बजेट छुव्याउनुपर्नेमा पहुँचका आधारमा स्रोतको बाडफाड हुन्छ’,उनले भने, ‘पहुँचवाला मन्त्रीको क्षेत्रमा विकासका आयोजना बढी छन्, पहुँचको आधारमा बजेट छुट्टयाउनु हुँदैन ।’ कर्मचारीले मन्त्रीलाई खुसी पार्नका लागि बजेट हालिदिने गरेको उनको आरोप छ । पछाडि पारिएको क्षेत्र कर्णाली, मधेस प्रदेश, सुदूरपश्चिमलगायतमा पर्याप्त बजेट उपलब्ध गराउन सांसद श्रेष्ठले माग गरे । मुलुक सङ्घीयतामा गइसकेपछि पनि सङ्घले प्रदेशलाई अधिकार नदिने, प्रदेशले स्थानीय तहलाई अधिकार नदिने परिपाटीले राम्रोसँग काम गर्न नसकिएको उनको अनुभव छ । राष्ट्रियसभाका सांसद भएर श्रेष्ठले करिब छ वर्ष काम गरे । उनको आगामी फागुन २० गते कार्यकाल सकिँदैछ । सांसद श्रेष्ठलाई आफूले गर्नसक्ने स्थानमा पुग्दा पनि विभिन्न कारणले सोचेजसरी काम गर्न नसकेको आभाष भएको छ । ‘सुरुका दुई वर्ष धेरै राम्रोसँग आधारभूत काम गरियो’, उनले विगत स्मरण गर्दै भने, ‘विधायकले कानुन बनाउँछु भनेर मात्र नहुने रैछ, सरकारले समयमा विधेयक ल्याउनुपर्ने हुन्छ, सरकाराले बिजनेस दिन नसक्दा कानुन बनाउने काम अहिलेसम्म पूरा हुन सकेको छैन ।’ संविधानअनुकूलका बाँकी एक सय ८१ कानुन बन्नुपर्ने छन् । त्यसमध्ये सङ्घसँग जोडिएका एक सय ५१ कानुन, प्रदेशसँग जोडिएका २४ र स्थानीय तहसँग सम्बन्धित छन् । कानुन बनाउन नसक्दा जनशक्तिकै बाँडफाँट हुन सकेको छैन । मौलिक हकका कानुन बने तर नियमावली बनेर कार्यान्वयनमा प्रभावकारीरुपमा जान सकेको छैनन् । राष्ट्रियसभाका सदस्य भएयता राष्ट्रियसभामा ५७ विधेयक दर्ता भए । त्यसमध्ये राष्ट्रियसभाले पास गरेर २८ वटा प्रमाणीकरण भइसकेका छन् । राष्ट्रियसभाले पास गरेर पठाएका पाँच विधेयक प्रतिनिधिसभाको कार्यकाल सकिएपछि निष्क्रिय भए । राष्ट्रियसभाले पास गरेर पठाएका अनुगमन तथा मूल्याङ्कन सम्बन्धीलगायत १० विधेयक प्रतिनिधिसभाका छन् । राष्ट्रिय मर्यादासम्बधी विधेयक राष्ट्रियसभाले ल्याएर पास भयो । ‘राष्ट्रियसभाका सबै दलका नेताको सहमतिमा मर्यादाक्रमसम्बन्धी विधेयक पास गरेर प्रतिनिधिसभामा आयो तर टेवलसम्म भएको छैन’, सांसद श्रेष्ठले भने, ‘संविधानमा दुई सदनात्मक भनेर व्यवस्था गरिएको छ, तर सरकारले माथिल्लो सदनले गरेका कामलाई महत्व दिँदैन, राज्यको स्रोत, लगानी र समय यतिकै खेर गयो ।’ भूकम्प, कोभिड–१९ जस्ता कारणले पनि चाहे जति काम गर्न नसकेको नेता श्रेष्ठको अनुभव छ । सांसद भएका हिसाबले जनताको काम इमान्दारपूर्वक गरेको र जनताको दुःखमा सकेसम्म सहयोग गर्ने काममा सदा लागि परेको उनको ठम्याइ छ । ‘जनताका प्रत्यक्ष सरोकारका काम सकेसम्म गरियो, शून्य समय, विशेष समयमा पनि कुरा उठाइयो’ उनले भने, ‘तर शून्य वा विशेष समयमा बोलेकाका कुरा कार्यान्वयन हुँदैनन, मन्त्रीले बोलेका कुरा पनि पूरा भएको अवस्था छैन ।’ सांसद श्रेष्ठले कानुन बनाउनुपर्ने जरुरी सम्झिएका विधेयक सक्तापक्षले आवश्यकताअनुसार ल्याउनुपर्ने भए पनि समयमा विधेयक आउन नसक्दा सदन बन्द र शून्य अनि विशेष समयमै सीमित हुनुपर्ने अवस्था रहेको बताए । जाजरकोटको भेरी नगरपालिका–४ मा २०१६ वैशाख २४ गते जन्मिनुभएका सांसद श्रेष्ठले करिब १० वर्ष त्रिभुवन उच्च माविमा पढाए । मुलुकमा प्रजातन्त्रको स्थापना भएसँगै उनले स्थायी जागिर छाडेर २०४८ सालदेखि एमालेको राजनीतिक यात्रा तय गरे । विसं २०२९ मा जिल्ला विकास समितिको उपसभापति, २०५५ सालमा जिल्ला विकास समितिको सभापति तथा राष्ट्रियसभा सदस्य भएर उनले काम गरे । पार्टीको विभिन्न जिम्मेवारीमा रहेर काम गर्दै उनी जाजरकोट र सल्यानको इञ्चार्जसमेत भए । अहिले उनी नेकपा (एमाले) को पोलिटब्युरो सदस्यको जिम्मेवारीमा छन् । नेता तथा राजनीतिक दल मुलुकको विकास र समृद्धिमा एक हुनुपर्ने उनको सुझाव छ । ‘सरकार जनता र राष्ट्रप्रति जिम्मेवार हुनुपर्छ, मुलुकमा सङ्घीयता स्थापना भएर संविधान जारी भएको यतिका वर्ष बितिसक्दा पनि निजामती, शिक्षा, सार्वजनिक खरिद विधेयक अहिलेसम्म आउन सकेको छैन’, सांसद श्रेष्ठले भने, ‘राष्ट्रियसभाले पारित गरेको विधेयक पनि प्रतिनिधिसभामा अलपत्र परेको अवस्था छ, सरकारका कारणले सांसदले कानुन बनाएनन् भन्ने गलत सन्देश गएको छ ।’ जनताका प्रतिनिधि जनताप्रति इमान्दार र बफादार हुनुपर्नेमा जोड दिँदै सांसद श्रेष्ठले सार्वभौम संसद्को गरिमा र जनताको प्रतिनिधिले लान्छना लगाउने, एकले अर्कोलाई संसदीय मर्यादाविपरीत अपमान हुने तरिकाले बोल्न नहुने उनको भनाइ छ । राष्ट्रियसभामा कहिलेकाहीँ मात्र नियमापत्ति हुने गरी बोल्ने गरेको र पछि रेकर्डबाट हटाउनुपर्ने अवस्था आएको उनको अनुभव छ । सरकार परिवर्तन भइरहने, सदनले बिजनेस नपाउने, सदनमा बोलेका कुराको सुनुवाइ नहुनेजस्ता विषयले सन्तोष मान्ने ठाउँ नभएको उनको अनुभव छ ।

# संसदलाई प्रभावकारी बनाउनुपर्नेमा सभामुखको जोड



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद्को प्रभावकारिता बढाउन विगतको समीक्षासहित स्थायी कर्मचारीको गरिमामय भूमिका स्थापित गर्न आवश्यक रहेको बताएका छन् । सङ्घीय संसद् सेवा दिवसको अवसरमा सिंहदरबारस्थित सचिवालयमा आयोजित कार्यक्रममा सभामुख घिमिरेले यस्तो बताएका हुन् । आफुहरु कर्मचारीको क्षमता र सक्रियतामा निहीत हुने जनाउँदै सभामुख घिमिरेले संसद्लाई आवश्यक पर्ने जनशक्ति, सूचना, प्रविधि, भौतिक सामग्रीलगायत उपलब्ध गराउनु सङ्घीय संसद् सचिवालयको कार्य भएको उल्लेख गरे । संसद् सेवाको विशिष्ट कार्य प्रणालीले विधायिकी कार्य र संसदीय कामकारबाहीमा अविच्छिन्न सहयोग पुगेको उनले बताए । सभामुख घिमिरेले स्थायी सरकारको रुपमा रहेका कर्मचारी वर्गको वृत्ति विकास, विशेषज्ञता र मितव्ययी आचरण आजको दिनमा अपेक्षित रहेको उल्लेख गरे । कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष तिमिल्सिनाले सरकारले संसदलाई सीमा तोकेर नभइ मागका आधारमा बजेट निर्धारण गर्नुपर्ने बताए । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले संसद्का कर्मचारीको सुविधा वृद्धि गर्न प्रधानमन्त्री र अर्थमन्त्रीसँग कुरा गर्ने विश्वास दिलाए । उपसभामुख इन्दिरा रानाले कर्मचारीलाई विभेदरहित सुविधा दिलाउन पहल गर्नुपर्ने बताइन् । राष्ट्रिय सभाका उपाध्यक्ष उर्मिला अर्यालले वृत्ति विकासमा सचिवालयका कर्मचारीलाई प्रश्रय दिनुपर्नेमा जोड दिइन् । मुख्य सचिव डा बैकुण्ठप्रसाद अर्यालले सरकारका काममा सघाउन र अनुगमन गर्न सचिवालयका कर्मचारीको भूमिका सक्रिय रहेको बताए । सचिवालयका आधिकारिक कर्मचारी युनियनका अध्यक्ष गोविन्द बेल्वासे जैसीले दिवसको केही दिनअघि महासचिवको राजीनामा आउनु र नयाँ नियुक्तिमा सचिवालयका लामो समय काम गरेकालाई प्राथमिकता नदिइएको गुनासो गरे । नेपालको संविधानको धारा २०७ मा सङ्घीय संसद्को काम कारबाही सञ्चालन तथा व्यवस्थापन गर्न एक सचिवालय रहने र त्यस्तो सचिवालयको स्थापना तथा तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ ।

निजामती सेवा ऐनबाट निकालेर छुट्टै ऐनद्वारा सञ्चालित संसद् सेवा विशिष्ट, स्वायत्त र व्यावसायिक सेवा हो । विसं २०५८ मा स्वायत्त संसद् सेवा गठन भएको स्मरणमा प्रत्येक वर्ष मंसिर २८ गते संसद् सेवा दिवस मनाउने गरिएको छ ।

# ‘हवाई क्षेत्रलाई कालोसूचीबाट हटाउने प्रयासमा छौँ’



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपालको हवाई सुरक्षालाई व्यवस्थित गर्न सरकार दृढ रहेको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक सभापति डोलप्रसाद अर्यालको नेतृत्वको टोलीले बुझाएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री दाहालले युरोपेली सङ्घको कालोसूचीबाट नेपालको हवाई क्षेत्र हटाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताए । बिहीबार बालुवाटारमा प्रधानमन्त्री प्रचण्डलाई भेटेर ध्यानाकर्षण पत्र बुझाएको रास्वपाले विमानस्थल राष्ट्रिय सुरक्षासँगसमेत सम्बन्ध राख्ने क्षेत्र भएको र यस्तो संवेदनशील क्षेत्रको व्यवस्थापन (ग्राउण्ड ह्याण्डलिङ) खुला प्रतिस्पर्धाको बहानामा निजी (स्वदेशी वा विदेशी) कम्पनीलाई दिने निर्णयको औचित्यबारे प्रश्न उठाएको छ । युरोपेली युनियनले नेपालको हवाइ क्षेत्रलाई कालोसूचीबाट नहटाएकोमा नेपाल नागरिक उड्डयन प्राधिकरण गम्भीर हुनुपर्ने, नयाँ जहाज खरिद प्रकरण पारदर्शी हुनुपर्नेलगायत विषयमा रास्वपाले प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको हो । ग्राउण्डह्याण्डलिङ गुमाउँदा नेपाल एयरलाइन्स आर्थिक रुपमा झनै धरासायी हुने भन्दै रास्वपाले प्राधिकरणको निर्णयले नेपाल एयरलाइन्सलाई थप अधोगतिमा लैजाने चिन्ता व्यक्त गरेको छ । प्रधानमन्त्री दाहालले नेपालको हवाई क्षेत्रलाई कालोसूचीबाट हटाउन आफूले निरन्तर प्रयास गरिरहेको र थप सुधारमार्फत त्यस्तो सूचीबाट हटाउन विश्वासको वातावरण सिर्जना गरिने बताए । उनले भने, ‘मैले युरोपेली युनियनका प्रतिनिधिसँग यस विषयमा कुराकानी गरेको छु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीसँग पनि पटकपटक छलफल गरेको छु । हवाई सुरक्षा हाम्रा निम्ति एउटा चुनौतीको विषय बन्दै आएको छ, यसले अन्तर्राष्ट्रिय जगत्मा नेपालको छविमाथि प्रश्न उठ्न सक्छ । त्यसैले म यसमा गम्भीर छु ।’ यसपटक हवाई सुरक्षामा केही सुधार भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले त्यसको आधारमा कालोसूचीबाट हट्छौँ कि भन्ने विश्वास भए पनि त्यो पर्याप्त नभएको बताए । उनले भने, ‘हाम्रो सुधार पर्याप्त भएन । थप सुधारका निम्ति काम गर्नुपर्ने देखिएको छ । तपाईहरूले दिएका सुझाव महत्वपूर्ण छन् । नियामक निकायसँग थप छलफल गरेर परिणाममुखी नतिजाको प्रयास हुनेछ ।’ नेपाल नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको ग्राउण्ड ह्याण्डलिङ सेवा खुला प्रतिस्पर्धाबाट निजी कम्पनीलाई दिने निर्णय गरेपछि त्यसको विरोध हुँदै आएको छ । नेपाल एयरलाइन्सका कर्मचारीहरुले धर्ना र प्रदर्शन लगायतका कार्यक्रम गर्दै आएका छन् ।

# सिद्धबाबालाई सफाइ दिने निर्णयविरुद्ध उच्च अदालतमा पुनरावेदन



**मधेशदृष्टि**
**विराटनगर ।**
सिद्धबाबा भनिने कृष्णबहादुर गिरीलाई सफाइ दिने जिल्ला अदालत सुनसरीको फैसलाविरुद्ध उच्च अदालत विराटनगरमा पुनरावेदन निवेदन दर्ता भएको छ ।

बिहीबार जिल्ला सरकारी वकिलको कार्यालय सुनसरीले महिला अनुयायीलाई बलात्कार गरेको आरोप लागेका गिरीलाई सफाइ दिने गरी गत भदौं २७ गते जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण भएकाले बदर हुनुपर्ने माग गर्दै उच्च अदालत विराटनगरमा पुनरावेदन निवेदन दर्ता गराएको हो । २०७६ कात्तिक ४ गते चतरास्थित आश्रममा महिला अनुयायीमाथि जबर्जस्ती करणी गरेको आरोपमा गिरीमाथि बलात्कारको मुद्दा दायर गरिएको थियो ।

दोस्रो पटकको सुनुवाइका क्रममा जिल्ला अदालत सुनसरीका न्यायाधीश हरिप्रसाद कोइरालाको इजलासले मुख्य प्रमाणको रुपमा पेस भएको अडियो रेकर्ड परीक्षण गर्ने विज्ञको शैक्षिक योग्यतामा प्रश्न उठाउँदै सफाइ पाउने फैसला गरेको थियो । यसअघि २२ मंसिर २०७७ मा जिल्ला अदालत सुनसरीका तत्कालीन न्यायाधीश अर्जुनप्रसाद कोइरालाको इजलासले गिरीलाई सफाइ दिएको थियो । त्यसकाविरुद्ध वादी पक्ष उच्च अदालत पुगेको थियो । उच्च अदालत विराटनगरले प्रमाण नबुझी फैसला गरेकाले थप प्रमाण बुझेर फैसला गर्नु भन्दै मुद्दालाई जिल्लामै फर्काएको थियो । दोस्रो पटकको फैसलाविरुद्ध पनि सरकारी वकिलको कार्यालय उच्च अदालत गएको हो ।

# मन्त्री र सचिवहरूलाई प्रधानमन्त्रीको निर्देशन

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले जनताले महशुस गर्नेगरी स्पष्ट नीति तथा कार्यक्रमसहित परिणाममुखी कार्ययोजना कार्यान्वयन गर्न मन्त्रिपरिषद्का सदस्य एवं विशिष्ट श्रेणीका कर्मचारीहरूलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार आयोजित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको चौमासिक समीक्षा बैठकमा प्रधानमन्त्री दाहालले जनताले अनुभूत गर्नेगरी काम गर्न निर्देशन दिएका हुन् । आव २०७९/८० को प्रथम चौमासिकको तुलनामा चालु आवको सोही अवधिमा देशको समग्र अर्थतन्त्र विकास निर्माणसँग सम्बन्धित सूचकहरू सकारात्मक देखिए पनि सन्तोष गर्ने ठाउँ नभएको उल्लेख गर्दै उनले एकअर्काका कमी–कमजोरी देखाउनुभन्दा पारस्परिक समन्वय र सहकार्यका आधारमा देश र जनताका पक्षमा काम गर्नुपर्नेमा जोड दिए । प्रधानमन्त्रीले भने, ‘मेरो नेतृत्वमा गठन भएको सरकारको एकवर्षे कार्यकाल पूरा हुने चरणमा छ, यस अवधिमा अपेक्षा गरिएअनुसारका काम हुनसकेका छैनन्, अब चौमासिक नभई वार्षिक कार्यक्रम, कार्ययोजना र उपलब्धिलाई वस्तुनिष्ठ समीक्षा गर्दै यसबीचमा भएका कमजोरी र सबल पक्षलाई चिरफार गरी जनताले अनुभूत गर्नेगरी काम गर्न सबैसँग अपिल गर्दछु ।’ गत साउनमा प्रतिबद्धता गरेअनुसारको परिणाम दिन केही मन्त्रालय असमर्थ भएकामा त्यसप्रति असन्तुष्टि जनाउँदै प्रधानमन्त्रीले निश्चित कार्यअवधिभित्र तोकिएको लक्ष्य पूरा नगर्नेलाई जिम्मेवारीबाट हटाउनुबाहेक आफूसँग अर्को विकल्प नरहेको चेतावनी दिए । उनले अर्का समीक्षा बैठकमा कार्ययोजनासहित प्रस्तुत हुन सबैलाई निर्देशन दिए । बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मौजुदा सार्वजनिक खरिद ऐन, पर्याप्त बजेट र जनशक्तिसहित आवश्यक समन्वय र सहकार्यको अभावलगायत विविध समस्याका कारण नीति तथा कार्यक्रम कार्यान्वयनमा समस्या आएको बताएका थिए ।

# विदेशी मुद्राको विनिमय सञ्चिती १६ खर्ब ९६ अर्ब रुपैयाँ कायम




**मधेशदृष्टि**
**वीरगंज ।**
विदेशी मुद्रा सञ्चिति १० दशमलव दुई प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको चार महिनाको विवरणअनुसार गत कात्तिक मसान्तसम्म विदेशी मुद्राको विनिमय सञ्चिति १६ खर्ब ९६ अर्ब ७८ करोड रुपैयाँ पुगेको छ । कूल विदेशी सञ्चितीमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति १४ खर्ब ९० अर्ब ८३ करोड रुपैयाँ बराबर छ । केन्द्रीय बैंकका अनुसार २०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ रहेको कुल विदेशी विनिमय सञ्चितिमा १० दशमलब दुई प्रतिशतले वृद्धि भई गत कात्तिक मसान्तमा १६ खर्ब ९६ अर्ब ७८ करोड रुपैयाँ पुगेको हो ।
अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८० कात्तिक मसान्तमा आठ दशमलव नौ प्रतिशतले वृद्धि भई १२ अर्ब ७५ करोड रुपैयाँ पुगेको छ ।
यस्तै, बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८० असार मसान्तमा एक खर्ब ९३ अर्ब ५९ करोड रुपैयाँ रहेकोमा २०८० कात्तिक मसान्तमा छ दशमलव चार प्रतिशतले वृद्धि भई दुई खर्ब पाँच अर्ब ९५ करोड रुपैयाँ कायम भएको छ । गत कात्तिक मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव आठ प्रतिशत छ ।
आर्थिक वर्ष २०८०÷८१ को चार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १३ दशमलव छ महिनाको वस्तु आयात र ११ दशमलव तीन महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।
शोधनान्तर स्थिति एक खर्ब ४७ अर्ब ११ करोडले बचतमा
मुलुकबाट बाहिरिनेभन्दा भित्रने पैसाको मात्रामा क्रमशः वृद्धि भएको पाइएको छ । चालु आर्थिक वर्षको चार महिनाको विवरण अनुसार यस अवधिमा शोधनान्तर स्थिति एक खर्ब ४७ अर्ब ११ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति २० अर्ब तीन करोड रुपैयाँले बचतमा थियो । समीक्षा अवधिमा चालु खाता ९६ अर्ब ३८ करोड रुपैयाँले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता ३७ अर्ब ७९ करोड रुपैयाँले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २९ करोड ६१ लाख रुपैयाँले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ७२ करोड ५१ लाखले बचतमा छ । समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ४६ दशमलव छ प्रतिशतले कमी आई एक अर्ब ५९ करोड रुपैयाँ कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी तीन अर्ब ६४ करोड रुपैयाँ छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर दुई अर्ब ९७ करोड रुपैयाँ कायम भएको थियो भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४२ करोड ९२ लाख रुपैयाँ रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १४ करोड ९६ लाख रुपैयाँले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ११ करोड रुपैयाँले बचतमा छ ।
आर्थिक वर्ष २०८०÷८१ को चार महिनामा कुल वस्तु आयात तीन दशमलव आठ प्रतिशतले कमी आई पाँच खर्ब १२ अर्ब ५० करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १८ दशमलव एक प्रतिशतले कमी आएको थियो ।
वस्तु आयात गरिने मुलुकका आधारमा भारत र अन्य मुलकबाट भएको आयात क्रमशः दुई दशमलव पाँच प्रतिशत र २७ दशमलब सात प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४ दशमलब चार प्रतिशतले बढेको छ । वस्तुगत आधारमा तयारी पोशाक, एमएस तार, छड, बार तथा क्वाइल, विद्युत्तीय उपकरण, लत्ताकपडा, हवाईजहाजका स्पेयर पार्टपुर्जालगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाबिन तेल, सुन, पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, एमएस बिलेटलगायतका वस्तुको आयात घटेको छ । निर्याततर्पm भैरहवा, सुख्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, मेची, रसुवा, तातोपानी तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ ।
आयाततर्पm भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगञ्ज, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ । चालु आवको चार महिनामा कुल वस्तु व्यापारघाटा तीन दशमलव तीन प्रतिशतले कमी आई चार खर्ब ६१ अर्ब ९४ करोड रुपैयाँ कायम भएको छ ।
अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १५ दशमलव नौ प्रतिशतले घटेको थियो ।

**चार महिनामा भित्रियो चार खर्ब ७७ अर्ब विप्रेषण**

चालु आर्थिक वर्षको चार महिनामा चार खर्ब ७७ अर्ब ९६ करोड रुपैयाँ बराबरको विप्रेषण मुलुक भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीयस्थिति प्रतिवेदनमा साउनदेखि कात्तिकसम्म विप्रेषण आप्रवाह २६ दशमलव चार प्रतिशतले वृद्धि भएको छ ।
अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २० दशमलव चार प्रतिशतले बढेको थियो ।
अमेरिकी डलरमा विप्रेषण आप्रवाह २३ दशमलव एक प्रतिशतले वृद्धि भई तीन अर्ब ६० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १० दशमलब आठ प्रतिशतले बढेको थियो ।
समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको सङ्ख्या एक लाख ३७ हजार चार सय ७५ र पुनः श्रम स्वीकृति लिनेको संख्या ६८ हजार आठ सय ४१ छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः एक लाख ९६ हजार सात सय ३५ र ८७ हजार चार सय २८ थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर २४ दशमलव नौ प्रतिशतले वृद्धि भई पाँच खर्ब २१ अर्ब ४० करोड रुपैयाँ पुगेको छ ।
अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २० दशमलव दुई प्रतिशतले बढेको थियो ।

# अर्थतन्त्रका सूचकमा सुधार हुँदै गएको छः अर्थमन्त्री




**रासस**
**पाटन ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रका सूचकहरुमा सुधार हुँदै गएको जानकारी गराएका छन् । नेपाल ट्रेड युनियन कांग्रेसद्वारा बिहीबार ललितपुरमा आयोजित औद्योगिक नीति तथा श्रम सम्बन्ध विषयक कार्यक्रममा उनले पर्यटकहरुको वृद्धि हुँदै गएको, बैंक तथा वित्तीय संस्थाहरुको ब्याजदर घट्दै गएको, रेमिट्यान्स बढ्दै गएको जानकारी गराउँदै अहिले अर्थतन्त्रका सबै सुचकहरुमा सुधार हुँदै गएको बताएका हुन् । 'अहिले अर्थतन्त्रका सूचकहरुमा सुधार हुँदै गएको छ, पर्यटकको वृद्धि हुँदै गएको छ, ब्याजदर घट्दै छ, रेमिट्यान्स पनि बढ्दैछ, हामीले छलफल गरेर मौद्रिक नीतिमा पनि केही लचिलो बनाउन प्रयत्न गरेका छौं, विस्तारै उद्योग व्यवसाय पनि सबल बन्दै जानेछ, श्रमिकको माग पनि वृद्धि हुँदै जाने छ, श्रमिकहरु विस्थापित हुने अवस्था अन्त्य हुनेछ', अर्थमन्त्री महतले भने, 'नेपालको अर्थतन्त्र समस्यामा थियो, अहिले हामी हटाउन लागेका छौं ।' उनले बेरोजगारहरुलाई पनि रोजगारको अवसर सिजना गर्न ट्रेड युनियनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । उनले श्रमिक र उद्योग व्यवसायीबीच निरन्तर वार्ता तथा सम्वादमार्फत एकअर्कालाई बुझ्नुपर्ने र सम्बन्धलाई सुमधुर बनाउनु पर्ने धारणा राखे । उनले सरकारले नेपालमा लगानी भित्र्याउनका लागि आगामी वैशाखमा लगानी सम्मेलन गरिने बताए । डा महतले बाहिरबाट आयात हुने सामानको तुलनामा नेपालमा उत्पादन हुने औद्योगिक सामानको लागत कम गर्न नसकिएको उल्लेख गर्दै सक्रिय श्रमिकहरुको क्षमतालाई प्रोत्साहन गर्न पनि नसकिएको धारणा राखे । उनले उत्पादकत्व कम हुँदा समयसापेक्ष श्रमिकको पारिश्रमिक बढ्न नसकेको धारणा व्यक्त गरे । 'उत्पादकत्व बढाउने हाम्रो चुनौती छ, यसका लागि पूर्वाधारको विकास आवश्यक छ', उनले भने । उनले सरकारको प्राथमिकता पूर्वाधार विकासमा रहेको बताए । उनले यातायातको लागत कम गर्न र कामदारहरुको ज्ञान तथा क्षमताको सही उपयोग हुन आवश्यक रहेकामा जोड दिँदै लागत कम गर्ने कुरामा उद्योगी व्यवसायीले नयाँ प्रविधि उपयोग गर्नुपर्ने र श्रमिकका सङ्गठनहरुले पनि श्रमिकको क्षमता अभिवृद्धिमा लाग्नुपर्नेमा ध्यानाकर्षण गराए । श्रमिकका अधिकारका कुरामा हस्ताक्षर गर्नेमा नेपाल अगाडि नै रहेको उल्लेख गर्दै अर्थमन्त्री महतले कतिपय कुरा पूरा गर्न स्रोतको सुनिश्चितता हुन नसक्दा समस्या भएको बताए ।

# सन् २०२३ मा काममा मारिने पत्रकारको सङ्ख्या घट्यो




**एएफपी**
**पेरिस ।**
पछिल्लो दुई महिनामा गाजामा पत्रकारहरूको मृत्यु भए पनि यो वर्ष कामका क्रममा मारिने पत्रकारहरूको सङ्ख्यामा कमी आएको मिडिया वकालत समूह रिपोर्टर्स विदाउट बोडर्स (आरएसएफ) ले बिहीबार बताएको छ ।
आरएसएफको वार्षिक प्रतिवेदनअनुसार सन् २०२३ को पहिलो ११ महिनामा कामका क्रममा ४५ पत्रकार मारिएका छन् ।
यो आँकडा गत वर्ष ६१ थियो । ल्याटिन अमेरिकामा आएको ठूलो गिरावटका कारण सन् २००२ मा ३३ पत्रकारको मृत्युपछि यो वर्ष सबैभन्दा कम पत्रकार मारिएका छन् ।
अक्टोबर ७ मा इजराइल र इस्लामिक लडाकू समूह हमासबीच युद्ध सुरु भएपछि मध्यपूर्वमा करिब ६३ पत्रकार मारिएका छन् तर तीमध्ये १७ जना मात्रै आरएसएफको परिभाषामा परेका छन् ।
आरएसएफका महासचिव क्रिस्टोफर डेलोयरले एएफपीलाई भने, 'यसले गाजा क्षेत्रको त्रासदीबाट टाढा राख्दैन तर हामीले नियमितरूपमा गिरावट देखिरहेका छौँ, सिरिया र इराकमा युद्धका कारण सन् २०१२ मा र फेरि सन् २०१३ मा मारिएका एक सय ४० पत्रकारहरूको तुलनामा यो धेरै टाढा छ ।' उनका अनुसार यो गिरावट अन्तर–सरकारी सङ्गठनहरू र गैरसरकारी सङ्गठनहरूले दण्डहीनताविरुद्ध लड्ने प्रयासहरूका साथै स्वयं पत्रकारहरूले पुर्याएको अधिक 'विवेकशीलता' का कारण भएको हो ।
आरएसएफका अनुसार अक्टोबर ७ पछि मध्यपूर्वमा आफ्नो पेशा निर्वाह गर्ने क्रममा मारिएका १७ पत्रकारमध्ये १३ गाजामा इजराइली हमलामा मारिएका छन् भने तीन लेबनानमा र एक जना हमासद्वारा इजराइलमा मारिएका छन् ।
आरएसएफले यी मृत्युलाई लिएर 'युद्ध अपराध' का लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतमा उजुरी दायर गरिएको नोभेम्बरमा बताएको थियो । अक्टोबर १३ मा रोयटर्सका क्यामेरामेन इस्साम अब्दुल्लाहको हत्या गर्न र एएफपीका फोटोग्राफर क्रिस्टिना एसीसहित अन्य छ जनालाई घाइते बनाउन इजराइली ट्याङ्कको हमला जिम्मेबार रहेको आफ्नो अनुसन्धानबाट थाहा भएको एएफपीले गत साता बताएको थियो ।
पत्रकारहरू दक्षिणी लेबनानमा 'सक्रिय युद्ध क्षेत्र' मा रहेको इजराइली सेनाका एक पत्रकारले बताएका छन् तर महासचिव डेलोयरले प्रवक्ताको जवाफ 'सन्तोषजनक' नभएको बताए । युक्रेनमा युद्धका कारण सन् २०२३ मा दुई पत्रकारको ज्यान गएको छ ।
आरएसएफले भनेको छ, 'मारिनेमा एक एएफपीका रिपोर्टर अरमान सोल्डिन थिए, उनी आफ्नै देशबाहिर ज्यान गुमाउने एकमात्र रिपोर्टर हुन् ।' सन् २०२२ मा द्वन्द्व सुरु भएपछि युक्रेन युद्धमा कूल ११ पत्रकार मारिएका छन् ।
ल्याटिन अमेरिकामा गिरावट
ल्याटिन अमेरिकामा मारिने पत्रकारहरूको सङ्ख्यामा तीव्र कमी आएको छ । त्यहाँ छ पत्रकारको हत्या भएको छ । सन् २०२२ मा २६ पत्रकार मारिएका थिए । मेक्सिकोमा मात्र यो सङ्ख्या गत वर्षको ११ बाट घटेर चारमा आएको छ । लगातार अपहरण र हमला भएको भन्दै आरएसएफले मेक्सिको पत्रकारहरूका लागि खतरनाक बनेको चेतावनी दिएको छ । विश्वभरमा बेपत्ता भएका ८४ पत्रकारमा करिब एक तिहाइ मेक्सिकाली रहेका छन् । सन् २०२२ मा कारागारमा रहेका पत्रकारहरूको सङ्ख्या पाँच सय ६९ बाट घटेर पाँच सय २१ भएको छ । चीन र म्यान्मापछि बेलारुस 'विश्वका तीन सबैभन्दा ठूला कारागारमध्ये एक' का रूपमा सामेल भएको छ । टर्कीए र इरानले बारम्बार पत्रकारहरूलाई कारागारमा हाल्ने गरेको प्रतिवेदनमा उल्लेख छ । कूल ५४ पत्रकारलाई बन्धक बनाइएको छ । यो सङ्ख्या सन् २०२२ मा ६५ थियो ।




# फिलिपिन्सले गर्यो १८० चिनियाँलाई देश निकाला

**एएफपी**
**मनिला ।**
फिलिपिन्सले राजधानी मनिलामा यौन बेचबिखन र अनलाइन घोटालाको आशङ्कामा छापा मारेर पक्राउ परेका एक सय ८० चिनियाँलाई बिहीबार देश निकाला गरेको अधिकारीहरूले बताएका छन् । अक्टोबरमा गरिएको कारबाहीका क्रममा एउटा परिसरभित्र भेटिएका करिब छ सय मानिसमा चिनियाँ, कोरियाली, भियतनामी र फिलिपिनो रहेका थिए । सेक्स खेलौना, एउटा मसाज पार्लर, साङ्गीतिक धुनसँग गीत गाउने कोठा र एउटा रेस्टुरेन्ट एक व्यवसायद्वारा सञ्चालित भवनमा फेला परेको थियो ।
व्यवसायले इन्टरनेट गेमिङ कम्पनीका रूपमा इजाजत प्राप्त गरेको अधिकारीहरूले बताएका छन् । छापा मार्ने क्रममा धेरै महिलाको 'उद्धार' गरिएको प्रहरीले बताएको छ ।
राष्ट्रपतिको सङ्गठित अपराधविरोधी आयोगका उपसचिव गिल्बर्टो क्रुजले एएफपीलाई भने, 'चिनियाँ नागरिकसँग वर्क परमिट (काम गर्ने अनुमति) थिएन र उनीहरू 'अनलाइन घोटालामा' संलग्न थिए ।' छापामा पक्राउ परेका थप विदेशीहरूलाई आगामी साताहरूमा देश निकाला गरिने उनले जानकारी दिए ।
एसिया–प्रशान्त क्षेत्रमा इन्टरनेट घोटालाहरूबारे अन्तर्राष्ट्रिय चिन्ता बढिरहेको छ । यसमा प्राय तस्करीका पीडितहरूलाई धोका दिइन्छ र फर्जी क्रिप्टो लगानीलाई बढावा दिनका लागि बाध्य पारिन्छ ।
फिलिपिन्सका सिनेटर रिसा होन्टिभेरोसले फिलिपिन्समा 'घोटाला कल सेन्टर' सञ्चालन भइरहेको र मुलुकमा बेचबिखन गरी ल्याइएका विदेशीहरूलाई ती कल सेन्टरले रोजगारी दिन्छन् भनेर यसअघि नै चेतावनी दिएका थिए । अमेरिकी विदेश मन्त्रालयले उसको सन् २०२३ मानव तस्करी प्रतिवेदनमा फिलिपिन्सले मुलुकभित्र हुने गरेको श्रम तस्करी अपराधहरूको कडा अनुसन्धान वा मुद्दा चलाएको छैन भनेको छ । 'भ्रष्टाचार र तस्करीको अपराधहरूमा आधिकारिक संलग्नता महत्त्वपूर्ण चिन्ताको विषय बनेको छ', प्रतिवेदनमा भनिएको छ ।

# भारतले जित्यो महिला नेत्रहीन क्रिकेट सिरिज



**मधेशदृष्टि**
**वीरगंज ।**
घरेलु टोली भारतले एक खेल अगावै महिला नेत्रहीन टी–२० क्रिकेट सिरिज आफ्नो पक्षमा पारेको छ । मुम्बईमा भइरहेको सिरिज अन्तर्गत बिहीबार भएको चौथो खेलमा नेपाललाई ७ विकेटले पराजित गर्दै भारतले ३–१ को अग्रतासहित सिरिज आफ्नो बनाएको हो ।
यसअघि सुरुवाती दुई खेल भारतले जितेको थियो भने तेस्रो खेलमा नेपालले भारतमाथि १० विकेटको सानदार जित हात पार्दै सिरिजमा फर्केको थियो । तर चौथो खेलमा घरेलु टोली भारतले पुनरागमन गर्दै सहज जित निकाल्यो ।

# महेन्द्रनगरमा मालपोत कार्यालय माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
क्षिरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादवले धनुषाको महेन्द्रनगरमा मालपोत कार्यालय स्थापना गर्न माग गरेका छन् ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गर्दै मेयर यादवले महेन्द्रनगरमा मालपोत कार्यालय स्थापना गर्न माग गरेका हुन् । उनले जिल्लाको पाँच वटा पालिकाको मध्यबिन्दुमा पर्ने क्षिरेश्वरनाथ नगरपालिकाकाको केन्द्र अर्थात वडा नम्बर ५ स्थित महेन्द्रनगरमा मालपोत कार्यालय स्थापना गर्ने माग गरेका हुन् ।
मेयर यादवले बुधबार मन्त्रालयलाई पत्राचार गर्दै पूर्वमा मिथिला बिहारी र धनुषाधाम नगरपालिका, पश्चिममा बटेश्वर गाउँपालिका, उत्तरमा मिथिला नगरपालिका र दक्षिणमा लक्ष्मीनिया गाउँपालिकाका बासिन्दालाई आवतजावत गर्न सहज हुने महेन्द्रनगरमा मालपोत कार्यालय स्थापनाको माग गरे ।
पत्रमा महेन्द्रनगरमा कार्यालय स्थापना भए पाँच स्थानीय तहका बासिन्दालाई मालपोतसम्बन्धी कामकाजका लागि आवतजावत गर्न आर्थिक तथा समयको समेत बचत हुने उल्लेख छ । मेयरले यसअघि २०८० मंसिर ८ गतेमा यसबारे जिल्ला प्रशासन कार्यालय धनुषालाई पनि पत्राचार गरेका थिए ।
यसअघि मिथिला नगरपालिकाको केन्द्र ढल्केवरमा मालपोत कार्यालय स्थापना गर्ने निर्णय भएकामा उनले असहमति जनाएका छन् । निर्णयप्रति असहमति जनाउँदै मेयर यादवले ढल्केवरमा मालपोत कार्यालय स्थापना भए क्षिरेश्वरनाथ नगरपालिकाको मालपोतसम्बन्धी कामकाज जनकपुरधामबाटै हुने व्यवस्था मिलाइदिनसमेत माग गरेका छन् ।
२०७२ असोज १४ गते नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले धनुषाको ढल्केवरमा मालपोत र नापी कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो । सोहीअनुसार २०७३ माघमा ढल्केवरमा नापी कार्यालय स्थापना गरिए पनि हालसम्म मालपोत कार्यालय स्थापना भएको छैन । नापी कार्यालय स्थापना भए पनि कार्यालयबाट सेवाप्रवाह हुनसकेको छैन ।



**हरवाचरवाको ज्ञापनपत्रः** *मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेलाई न्यायिक पुनःस्थापना माग गर्दै मागपत्र बुझाउँदै राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका पदाधिकारी ।* *तस्बिरः चन्दन ठाकुर*

# मधेशका आठै जिल्लामा यातायात कार्यालय रहने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सबै जिल्लामा यातायात व्यवस्था कार्यालय रहने भएको छ । बाराको कलैयाबाट यातायातसम्बन्धी सबै कार्य पूर्णतया सञ्चालनमा आएको श्रम तथा यातायातमन्त्री चन्दनकुमार सिंहले जानकारी दिए । उनका अनुसार कलैयामा कार्यालय उद्घाटन भइसकेको छ ।
कलैया उपमहानगरपालिका वडा नम्बर ३ गङ्गापुरमा सञ्चालनमा आएको यातायात व्यवस्था कार्यालय उद्घाटन गर्दै यातायात मन्त्री सिंहले संघीयता मधेश र मधेशीको विकासको लागि रहेको भन्दै संघीयताबाट नै युवा नेतृत्व शक्तिबाट मधेशको विकास र समृद्धि सम्भव रहेको बताएका थिए । समाजको विसंगति, विकृति समाप्त पार्दै विकासको गतिमा लैजानु राजनीतिको मुख्य उद्देश्य रहेको र यो संघीयता भएमात्रै सम्भव हुने उनको भनाइ थियो । मन्त्री सिंहले संघीयताको विरोध गर्नेहरुले संघीयताको मूलमर्म बुझ्न आवश्यक रहेको बताए ।
यस्तै, मन्त्री सिंहले प्रदेशमा अटोमेटिक ट्रायल सेन्टर सञ्चालन गर्ने बताएका छन् । केहीदिन पहिले भारतको नयाँ दिल्लीस्थित अटोम्याटिक ट्रायल सेन्टर निरीक्षण गरेका उनले मधेशमा पनि अटोमेटिक ट्रायल सेन्टर निर्माण गरिने बताए ।

# कोइरीलाई सफाइ अरुलाई जन्मकैद

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
एमालेका निलम्बित सांसद लक्ष्मी महतो कोइरीले कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सफाइ पाएका छन् । बिहीबार महोत्तरी जिल्ला अदालतले कोइरीलाई कर्तव्य ज्यान मुद्दामा सफाइ दिएको हो ।
महोत्तरी जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलासले कोइरी र पवन कापरलाई कर्तव्य ज्यान मुद्दामा सफाइ दिएको छ । अन्य ७ जना प्रतिवादीलाई भने जन्मकैदको फैसला सुनाइएको छ । मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या भएपछि कोइरी लगायतलाई प्रतिवादी बनाई महोत्तरी जिल्ला अदालतमा कर्तव्य ज्यानको मुद्दा दायर भएको थियो । २८ जनालाई प्रतिवादी बनाइएकामा ७ जनालाई जन्मकैदको फैसला सुनाइएको छ ।
अदालतले प्रदीप साह माझी, सञ्जयकुमार साह, मोहन ठाकुर, शंकर शाही भन्ने रामशंकर मिश्र, अभिराम शर्मा, सुरेश पाण्डे र धर्मेन्द्र रायलाई जन्मकैदको फैसला सुनाएको हो । अदालतका सूचना अधिकारी महेन्द्र झाका अनुसार कोइरी र कापरले सफाइ पाएका हुन् भने ७ जनालाई जन्मकैदको फैसला सुनाइएको हो ।
मधेश आन्दोलनका क्रममा २०७२ भदौ २५ गते सशस्त्र प्रहरीका असई थमन विक घाइते भएका थिए । घाइते विकलाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा एम्बुलेन्सबाट निकालेर महोत्तरीको जलेश्वरमा हत्या गरिएको थियो । सोही हत्या प्रकरणमा लक्ष्मी महतो कोइरीलगायतलाई अभियुक्त बनाएर जिल्ला अदालतमा मुद्दा चलेको थियो ।
महोत्तरी जिल्ला अदालतले लक्ष्मी महतो कोइरीलाई २०७६ असोज २ गते एक लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो । जिल्ला अदालतको आदेशविरुद्ध परिवार उच्च अदालत जनकपुर गएपछि उच्च अदालत जनकपुरले २०७७ मंसिर १९ गते महतोलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश दिएको थियो । त्यसपछि कोइरी फरार भएका थिए ।
प्रहरीको फरार सूचीमा रहेका भए पनि कोइरी २०७९ मंसिर ४ गते भएको प्रतिनिधि सभा निर्वाचनमा एमालेका तर्फबाट महोत्तरी–१ बाट निर्वाचित भएका थिए ।

# किसानलाई हिउँदे घाँसको बिउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको मटिहानी नगरपालिकाले पशुपालक कृषकलाई हिउँदे घाँसको बिउ वितरण सुरु गरेको छ । पशुपालक कृषकलाई हिउँदे घाँसको बिउ वितरण कार्यक्रम शुभारम्भ गर्दै मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डलले कृषकलाई पशुपालनका लागि घाँसको अभाव हटाउन मद्दत पुग्ने बताए ।
मटिहानी नगरपालिकाको ९ वटै वडाका ५ सय पशुपालक कृषकलाई बर्सिङ्ग र जौको बिउँ वितरण गरिने कार्यक्रम रहेको र पालिकाले प्रत्येक वर्ष बिउ बितरण गर्दै आइरहेको पशु सेवा प्राविधिक दिलिप कुमार यादवले जानकारी दिए ।
कार्यक्रममा मटिहानी नगरपालिका वडा नम्बर ६ का वड़ा अध्यक्ष कलीम अन्सारी, जिल्ला समन्वय समिति महोत्तरीका सदस्य राम लखन पंजियार, मुसाफिर सहनीलगायत कृषकहरुको उपस्थिति थियो ।

# उखु उत्पादक किसानद्वारा मूल्यमा असहमति

*उखु उत्पादक किसान र सरोकारवाला निकायले चालु सिजनका लागि उखुको मूल्य सात सय ५० रुपैयाँ कायम गर्न माग गरेका छन् । राज्यले गतवर्ष दिएको पाँच सय ५० रुपैयाँमा २५ रुपैयाँ थपेर प्रतिक्विन्टल पाँच सय ६५ रुपैयाँ बनाएको छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उखु उत्पादक किसानका अगुवाले राज्यले निर्धारण गरेको उखुको मूल्यमा असहमति जनाउँदै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन् । नेपाल उखु उत्पादक किसान महासंघ, उखु उत्पादक किसान हकहित संरक्षण समिति र मिलगेड उखु उत्पादक किसान समितिले चालु सिजनका लागि राज्यले निर्धारण गरेको उखुको मूल्यमा असहमति जनाउँदै सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमलालाई ज्ञापन बुझाए ।
बिहीबार जिल्ला प्रशासन कार्यालय पुगेर नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनाली र मिलगेड उखु उत्पादक किसान समितिका अध्यक्ष राजकुमार उप्रेतीलगायत जिल्लाका जनप्रतिनिधिका साथै उखु उत्पादक किसानका अगुवाले राज्यले गतवर्षको भन्दा उखुको प्रति क्विन्टल २५ रुपैयाँ बढाएर पाँच सय ६५ रपैयाँ बनाएको भए पनि त्यसमा आफूहरुको सहमति नरहेको भन्दै प्रमुख जिल्ला अधिकारी धमलालाई ज्ञापन पत्र बुझाएका हुन् ।
उखुको मूल्य कायम गर्दा चिनीको बढेको मूल्य, उखु उत्पादनमा लाग्ने हालको लागत, उखुको सह उत्पादन (मोलासिस, बकास, प्रेसमड, विद्युतलगायत) समेतको आधार गरिनु पर्ने भन्दै आफूहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष मैनालीले जानकारी दए । माग बढेको समयमा चिनीको मूल्य



बढाउने र उखु क्रसिङ गर्ने समयमा घटाएर उखु उत्पादक किसानर्लाई कम पैसा दिने उद्योगीको नीतिले उखु उत्पादक किसान मारमा परेका कारण आफूहरुले प्रमुख जिल्ला अधिकारी धमलामार्फत सरकारको ध्यानाकर्षण गराएको नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष मैनालीले बताए । प्रमुख जिल्ला अधिकारी धमलालाई बुझाइएको ज्ञापनपत्रमा गतवर्षको अनुदानवापतको रकम पनि यथाशिघ्र भुक्तानी गरिदिन माग गरिएको मिलगेड उखु उत्पादक किसान समितिका अध्यक्ष उप्रेतीले बताए । गतवर्ष नै उखु बेचेको अनुदानबापतको रकम अझैसम्म पनि जिल्लाका उखु उत्पादक किसानले नपाएका भए पनि जिल्लाका चिनी मिलहरुले चालु सिजनको उखु क्रसिङको काम सुरु गरेपछि आफूहरुको ध्यानाकर्षण भएको मिलगेड उखु उत्पादक किसान समितिका अध्यक्ष उप्रेतीले बताए । मूल्य निर्धारण नभएसम्म चिनी उद्योग सञ्चालन गर्न नदिने उखु उत्पादक किसानले बताए ।
उखु उत्पादक किसानको माग पूरा नभए कडा आन्दोलनमा उत्रन बाध्य हुने जिल्लाका उखु उत्पादक किसानहरुका अगुवाका साथै सरोकारवालाले चेतावनी दिए ।
यता, जिल्लाका अरु चिनी मिलले किसानको उखुको भुक्तानी नगर्दा आफूहरुलाई समस्या भएको हरिवन नगरपालिका–११ मा रहेको इन्दु शंकर चिनी उद्योगका उखु प्रवन्धक योग नारायण राजकले गुनासो गरे । जिल्लामा रहेका चिनी उद्योगमध्ये इन्दु शंकर चिनी उद्योगले उखु उत्पादक किसानबाट उखु खरिद गरेवापतको सबै रकम किसानलाई भुक्तानी गरिसकेको भए पनि किसानले चालु सिजनको मूल्य निर्धारण नहुँदासम्म चिनी मिल नचलाउन आग्रह गरेपछि आफूहरुले उद्योग नचलाएको भए पनि अरु चिनी मिलका कारण आफूहरु मारमा परेको उनको भनाई छ ।
जिल्लाका उखु उत्पादक किसानहरुले राखेको माग आफूहरुले सम्बोधन गर्दै उद्योग नचलाएको भए पनि किसानहरुको रकम भुक्तानी नै नगरेका उद्योगहरु भने किसानहरुका मागलाई बेवास्ता गर्दै सञ्चालन भइरहेको इन्दु शंकर चिनी उद्योगले जनाएको छ । देशभरकै चिनी मिलको तुलनामा उखु उत्पादक किसानलाई उद्योगले दिनुपर्ने सबै रकम दिएर राम्रो छवि बनाएको इन्दु शंकर चिनी उद्योगले मंसिर २६ गतेबाट चालु सिजनको क्रसिङ गर्ने तयारी गरेको भए पनि किसानले राज्यले मूल्य निर्धारण नगर्दासम्म उद्योग नचलाउन आग्रह गरेपछि उद्योग कहिलेबाट चलाउने भन्ने अन्यौलता भएको इन्दु शंकर चिनी उद्योगका प्रशासन शाखा प्रमुख ठाकुर प्रसाद नेपालले बताए ।
उखु उत्पादक किसान र सरोकारवाला निकायले चालु सिजनका लागि उखुको मूल्य सात सय ५० रुपैयाँ कायम गर्न माग गरेका छन् । राज्यले गतवर्ष दिएको पाँच सय ५० रुपैयाँमा २५ रुपैयाँ थपेर प्रतिक्विन्टल पाँच सय ६५ रुपैयाँ बनाएको छ ।

# ‘मिथिला चित्रकला मधेशको सान’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा मिथिला लोक चित्रकलाको दोस्रो चरणको प्रतियोगिता भएको छ । ‘मिथिला चित्रकला मधेशको सान’ भन्ने नाराका साथ सौर्य सिमेन्ट र विजयलक्ष्मी मिडिया फाउन्डेसनको सहकार्यमा प्रतियोगिता आयोजना गरिएको हो ।
मधेश प्रदेशस्तरमा गरिएको प्रतियोगितामा ७५ जनालाई सहभागी गराइएको फाउन्डेसनका अध्यक्ष सन्तोषलाल दासले बताए । मधेशी र मधेशलाई विश्वस्तरमा चिनाउन विभिन्न प्रकारका चित्रकला बनाउन छनोट भएका प्रतियोगीलाई दिइएको थियो । उनीहरूले माछा, कलश, अरिपन, रामजानकीको विवाहको दृश्यलगायतका चित्र बनाएका थिए । दासका अनुसार प्राचीन मिथिलाका पर्खालमा चित्र बनाउन तेस्रो चरणका प्रतियोगीलाई दिइने छ ।
जनकपुरधामलाई विश्वस्तरमा र भावी पुस्तालाई आफ्नो कला र संस्कृतिसँग पहिचान गराउने मुख्य उद्देश्यका साथ प्रतियोतिता गराइएको सौर्य सिमेन्टका ब्रान्ड म्यानेजर अनुज महतले बताए । तेस्रो चरणका लागि १५ जना छनोट गरिने छ । प्रतियोगितामा प्रथम हुनेलाई ७५ हजार, द्वितीयलाई ५० हजार, तृतीयलाई २५ हजार र बाँकी १२ जनालाई पाँच–पाँच हजार रुपैयाँ पुरस्कार प्रदान गरिने महतले उल्लेख गरे । कार्यक्रममा निर्णायक मिथिला चित्रकार सुनैना ठाकुर छन् ।

# अन्नबाट सीताराम स्वयम्बरको आकृति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विवाह पञ्चमी महोत्सवको अवसर पारेर जनकपुरधामको बाह्रबिघा रङ्गभूमिमा अन्नबाट भगवान् राम, सीताको स्वयम्बरको विश्वमै सबैभन्दा ठूलो आकृति बनाउन लागिएको छ । भगवान् रामसीतासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिने भएको छ । सबै चित्र ११ हजार ११ स्क्वायर फिटको रहने निर्माण संयोजक सतिश गुजरले बताए ।
सीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठका अनुसार खाद्यान्नबाट बनाउन थालेको आकृतिको उचाइ एक सय २१ फिट र चौडाइ ९१ फिटको रहने छ ।
आकृतिको निर्माणमा ११ प्रकारको खाद्यान्न प्रयोग गरेर जम्मा एक सय दुई क्वीन्टल लाग्ने संयोजक महासेठले बताए । यसमा चनाको दाल, गहुँ, भटमास, चना, बदाम, मुंग, रहरको दाल, मकै, मसुरोको दाललगायत खाद्यान्न प्रयोग गरिने भएको छ । विश्वमा जनकपुरधामको पर्यटन प्रवर्द्धन गर्नका लागि अन्नको आकृतिको चित्र बनाएर गिनिज बुकमा अभिलेख राख्नका लागि प्रयास भइरहेको संयोजक महासेठले बताए । विश्व रेकर्ड कायम गर्ने उद्देश्यले भगवान् राम र सीतासहितको आकृति बनाउने कार्यका लागि भारतका सतिश गुज्जरको नेतृत्वमा आठ कलाकार आएका छन् ।
स्थानीय जनकपुरधाम उपमहानगरपालिका–४ का गुनगुन मिश्रको परिकल्पनामा भइरहेको आकृति निर्माणको सबै कार्य शुक्रबार बिहान १० बजेसम्म पूरा हुने सतिशले बताए । आकृति निर्माणमा २१ लाख रुपैयाँ खर्च हुने र यसमा लाग्ने खर्च जनकपुरधाम उद्योग वाणिज्य सङ्घ तथा जनकपुरधाम उपमहानगरपालिकाले उपलब्ध गराउने जनाइएको छ ।

# हार्दिक आमन्त्रण

# नेपाल हिन्दी प्रतिष्ठान

## जनकपुरधाम, नेपाल

## एवं

# शान्तिनिकेतन हिन्दी प्रचार सभा

## शान्तिनिकेतन, पश्चिम बंगाल, भारत

द्वारा








**प्रमुख अतिथि**
**सम्माननीय प्रथम राष्ट्रपति**
**डा. रामवरण यादव जी**

**संस्थापक अध्यक्ष**
**महामना राजेश्वर नेपाल**
**नेपाल हिन्दी प्रतिष्ठान**



**मिति: २०८० मंसिर २९ र ३० गते**
**समय: मध्यान्न २ बजे**
**स्थान: श्री गोविन्द सेवा समिति, दुधमती पुल बेला जनकपुरधाम-२३**

**नेपाल में हिंदी, अनुवाद एवं तुलनात्मक साहित्य एवं सर्वभाषा कवि सम्मेलन में आप साहित्य अनुरागियों में हार्दिक आमन्त्रण एवं स्वागत !**



**आयोजक:**
**नेपाल हिन्दी प्रतिष्ठान**
**जनकपुरधाम, नेपाल**

**राघवेन्द्र प्रसाद साह**
**अध्यक्ष**
**जनकपुरधाम उ.म.न.पा. वडा नं. २३**

**संयोजक**
**शान्तिनिकेतन हिन्दी प्रचार सभा**
शान्तिनिकेतन पश्चिम बंगाल, भारत

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन